सांस्कृतिक संस्थानदारा प्रकाशित
वर्ष : २५, अङ्क : ४

# नेपाली संस्कृति

२०८१ असार
वार्षिक पत्रिका




## सात प्रदेशका अमूर्त संस्कृति



सांस्कृतिक संस्थान
जमल, काठमाडौं



सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ज्यूको प्रमुख आतिथ्यतामा “शुभारम्भ सांस्कृतिक साँझ २०८१” मार्फत ठेट नेपाली सांस्कृतिक कार्यक्रम ‘माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृतिको समुद्घाटन कार्यक्रम २०८१ बैशाखा १ गते ।



# प्रकाशकीय

देश र राष्ट्रको सभ्यताको पहिचान संस्कृतिका माध्यमबाट हुन्छ । तिनै संस्कृतिका विविध पक्षहरु मध्येको नाट्य-सङ्गीत कला एउटा सशक्त र प्रभावकारी सांस्कृतिक पक्ष र विधा हो । त्यही नेपाली लोक सङ्गीत, नाट्य कलाको संरक्षण, सम्बर्धन एवं प्रचारप्रसार गर्ने महान उद्देश्य राखेर वि.सं. २०२९ सालमा यस सांस्कृतिक संस्थानको जन्म र स्थापना भएको हो । संस्थानले आफ्नो स्थापना कालदेखि नै नाट्य, कला, सङ्गीत, सांस्कृतिक क्षेत्रको निकै धेरै प्रशंसनीय एवं उल्लेखनीय कार्यहरु गर्दै आएको छ । आफ्नो देश र युग सुहाँउदो मौलिक एवं आकर्षक रंगमञ्चीय कार्यक्रम मार्फत संस्थान-देश, विदेशमा अत्यन्त लोक प्रिय बन्दै गएको इतिहास साक्षी छ ।

यसै सन्दर्भमा संस्थानको आफ्नो कार्यप्रगति, नीति, उद्देश्य र विभिन्न विद्वानहरुको सांस्कृतिक क्षेत्रको अनुभवको संगालो - नेपाली संस्कृति नामक पत्रिका प्रकाशनको थालनी पनि वि.सं. २०४२ सालदेखि गर्ने गरे को देखिन्छ । तर यसको आफ्नै आन्तरिक विविध कठिनाइका कारणले होला त्यो पत्रिका दीर्घकालीन बन्न सके न । एक दशक पछि वि.सं. २०५१ सालतिर यो प्रकाशन बन्द हुन पुग्यो । यसरी बन्द भएको यस पत्रिकालाई सांस्कृतिक महोत्सव-२०५९ को महान अवसर पारेर फेरि पुनर्जीवन दिने उद्देश्यले यसको प्रकाशन सुरु गरि यो र यो विशेषाङ्कको रुपमा पुनः प्रकाशित भयो । फेरि पनि यो नियमित रुपमा प्रकाशित हुन नसक्ने स्थिति विद्यमान रह्यो ।

वि.सं. २०६५ साल असार ५ गते वार्षिक उत्सवको अवसरमा वर्ष-२४, अङ्क ३ नेपाली संस्कृति पुन प्रकाशनमा आएको पाइन्छ । त्यस पश्चात् यसको निरन्तरता पाइदैन । हाल आएर नेपालको समग्र अमूर्त संस्कृतिको अनुसन्धानात्मक पत्रिकाको रुपमा प्रकाशन गर्ने लक्ष्यका साथ 'नेपाली संस्कृति' शिर्षक समेत उपयुक्त भएकाले वार्षिक रुपमा नियमित प्रकाशन गर्ने उद्देश्यका साथ ५२ औं वार्षिकोत्सवको अवसरमा प्रकाशन गर्न सफल भएका छौं ।

सांस्कृतिक संस्थान

# सम्पादकीय

सल्लाहकार :
**श्री चन्द्र कुमार राई**
अध्यक्ष, संचालक समिति
सांस्कृतिक संस्थान

संरक्षक
**श्री किरण बाबु पुन**
महाप्रबन्धक
सांस्कृतिक संस्थान

**सम्पादन मण्डल**
श्री सुदर्शन थापा
श्री हरि पुन मगर
श्री चक्र बहादुर श्रेष्ठ

**सहयोगी** :
१. श्री मनोज जोशी
२. श्री नरसिंहलाल श्रेष्ठ
३. श्री पवित्रा पंगेनी
४. श्री रेखा कुमारी कटुवाल श्रेष्ठ
५. श्री पार्वती ज्ञवाली
६. श्री तिर्थराज पोखेल
७. श्री सबनम सिल्वाल
८. श्री प्रेम ध्वज जि.सी.
९. श्री मञ्जु भुसाल



**प्रकाशकः-**
**सांस्कृतिक संस्थान**
जमल, काठमाडौं
फोनः ५३४१३९८, ५३२६१९६, ५३२११९४, ५३२१७०५
Email: culturalcorporationjamal@gmail.com, info@sankriticsanthan.gov.np
www.sanskritiksansthan.gov.np

**Design & Printing :** Screen Tech I T: 01 5346623, 9851196839
Bagbazar, Kathmandu

## ; DdfggLo k|wfgdGqLHo'sf]zÉesfdgf
## Best wishes from the Honorable Prime Minister



प्रधानमन्त्री

काठमाडौं, नेपाल

### शुभकामना

वि.सं २०१६ सालमा अवधारणा निर्माण गरी वि.सं २०१८ सालमा स्थापित राष्ट्रिय नाचघरलाई समग्र नेपाली संस्कृतिको संस्थागत विकासका लागि नाम परिमार्जनसहित वि.सं २०२९ साल असार ५ गते स्थापना भएको सांस्कृतिक संस्थानले ५२ औं वार्षिकोत्सव मनाउन लागेको अवसरमा सम्बद्ध सवैमा शुभकामना व्यक्त गर्दछु।

नेपाल सरकारको पूर्ण स्वामित्व रहेको सांस्कृतिक संस्थानले स्थापनाकालदेखि संस्कृतिको संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरणका लागि नेपाल सरकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा राष्ट्रको पहिचान झल्किने कार्यक्रमहरू प्रदर्शन गर्दै गौरवमय इतिहास कायम राखेको छ। यस संस्थानले जागरणमूलक सांस्कृतिक अभियान मार्फत कुसंस्कार, विकृति, बिसंगति, रुढिवादी सोच, अन्धविश्वास, अन्याय-अत्याचार तथा विविध बेथिति निर्मूल पारी नैतिक शिक्षा समाजमा सम्प्रेषण गरी सामाजिक सांस्कृतिक रुपान्तरणका लागि अग्रणी भूमिका निर्वाह गरेको छ ।

बहुल जातजातिको फूलबारी तथा ती जातजातिको आ-आफ्नो पहिचान सहितको अमूर्त संस्कृतिका कारण विश्वसामु नेपाल र नेपालीको पहिचान बेग्लै रहेको छ। संस्कृतिको संरक्षण, प्रवर्द्धन सहित संस्कृतिबाटै समृद्धिको मार्ग निर्माण गर्न नेपाल सरकारले राष्ट्रिय सांस्कृतिक सम्पदाको रूपमा रहेको संस्कृतिको विकास र संरक्षणमा जोड दिँदै आएको छ। देशका ठूलाठूला परिवर्तनमा सांस्कृतिक पक्षको ठूलो भूमिका रहेको विदितै छ। जनताको ठूलो त्याग र बलिदानले प्राप्त गणतन्त्रका उपलब्धिलाई संस्थागत गर्दै समाजवादी युगमा प्रवेश गर्न नयाँ शिराबाट सामाजिक तथा सांस्कृतिक रुपान्तरण सहित समाजवादी संस्कृतिको दिशाबोध गर्न फेरी सांस्कृतिक पक्षकै प्रमुख भूमिका अपरिहार्य छ। नेपाल सरकारको सांस्कृतिक जागरण गर्ने प्रमुख उद्देश्य रहेको संस्कृति सम्बन्धी प्रमुख निकाय यस संस्थानले नेतृत्वदायी भूमिका निर्वाह गर्दै वर्तमान सरकारले अघि सारेका सुशासन, सामाजिक न्याय र समृद्धिलाई विशेष शिरोपर गर्दै समाजवादी संस्कृति निर्माणमा जोड दिनेछ भन्नेमा विश्वस्त छु।

अन्त्यमा, गौरवमय इतिहाससँगै यस संस्थानको ५२ औं वार्षिकोत्सवको अवसरमा संस्थानले नयाँ सोच सहित सांस्कृतिक रुपान्तरणका लागि समाजमा नैतिक संस्कृति सम्प्रेषण गर्दै नयाँ युग शुरु गर्न सकोस् भन्ने शुभेक्षा प्रकट गर्दै वार्षिकोत्सवको सफलताको शुभकामना व्यक्त गर्दछु।

२ असार, २०८१
ने.सं.११४४, तछला थ्व, दशमी

पुष्पकमल दाहाल 'प्रचण्ड'

dfggLo ;+s[lt, kof{6g tyf gful/s p8\og dGqLHo"sf] z'esfdgf

# Best wishes from the Ministry of Culture, Tourism and Civil Aviation Minister



नेपाल सरकार

**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**

सिंहदरबार, काठमाडौं, नेपाल

हित बहादुर तामाङ
मन्त्री

पत्र संख्याः
च.नं.:

## शुभकामना

संस्कृति समाज जागरणको सशक्त माध्यम हो । सांस्कृतिक रुपान्तरणसँगै समाज जागरणका लागि नेपाल सरकारको ऐतिहासिक पृष्ठभूमि बोकेको एकमात्र आधिकारिक एवम् ज्येष्ठ निकाय सांस्कृतिक संस्थानले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । नेपाल बहुल जातजातिको सांस्कृतिक विविधताले भरिपूर्ण राष्ट्र भएकै कारण संस्कृतिबाटै समृद्धिको आधार निर्माणतर्फ विशेष ध्यानाकर्षणगरी नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले संस्कृतिको संरक्षण, संवर्द्धन, प्रबर्द्धन, दस्ताबेजीकरण तथा पुस्तान्तरणका लागि राज्यको नीतिलाई प्राथमकिताकासाथ कार्यान्वयनलाई जोड दिएको छ।

मन्त्रालयको संस्कृति सम्बन्धी वकालत गर्ने प्रमुख निकाय सांस्कृतिक संस्थान भएकाले नेपाल र नेपालीको अस्तित्व एवम् पहिचानसँग जोडिएको संस्कृतिजस्तो संवेदनशील विषयलाई संरक्षणतर्फ विशेष ध्यानाकर्षण गरी हरेक जातजातिका अमूर्त सांस्कृतिक सम्पदालाई दस्ताबेजीकरण सहित विश्व सांस्कृतिक सम्पदामा सूचीकरणका लागि संस्थानको विशेष पहल अपरिहार्य छ ।

संस्कृतिलाई पर्यटनसँग जोडेर पर्यटन लक्षित कार्यक्रम उत्पादनतर्फ संस्थानले विशेष ध्यान केन्द्रितगरी राष्ट्रको समृद्धि संस्कृतिबाटै सम्भव छ भन्ने कुरा पनि प्रमाणित गर्दै आएको छ । संस्कृतिका माध्यमबाट सामाजिक रुपान्तरणका लागि जागरण अभियान र उत्पादनलाई विशेष जोड दिइ रोजगार सहितको आर्थिक समृद्धिको मार्ग निर्माणमा संस्थानको कदम सदा लम्किरहोस् ।

अन्तमाः नेपाल र नेपालीहरुका लागि गौरवमय इतिहास बोकेको सांस्कृतिक संस्थानको ५२ औं वार्षिकोत्सवको अवसरमा संस्थान संस्कृतिको रक्षाका लागि सदा प्रतिबद्ध हुन सकोस् भन्ने शुभेच्छा प्रकट गर्दै वार्षिकोत्सवको हार्दिक शुभकामना ।

जेठ, २०८१
ने.सं. ११४४ तछलाथ्व

..............................
हित बहादुर तामाङ
मन्त्री

फोन नं. : +९७७-१-४२११८७९ (कार्यालय), इमेल : hitbahadurtamang.3@gmail.com, वेबसाइट : www.tourism.gov.np

c\olfsf]egf0{

# Message from the Chairman



आम मानिसहरुले जीवनभोगाइका क्रममा प्राप्त गरेका अनुभव, सिर्जनाहरु नियमित रुपमा पालना गर्दै आउँदा स्थापित मान्यताको विकास हुन्छ जसलाई नै संस्कृतिको रुपमा व्याख्या गर्न सकिन्छ। यस्ता मान्यताहरु नियमित चलिरहन्छन् र विशेष परिस्थितिअनुसार बद्लिरहन्छन् र नयाँ पनि बनिरहन्छन्। यस्ता संस्कृतिहरुले समाज निर्माण गर्न, समाजलाई एकरुपता दिन, समाजलाई एकतावद्धता बनाउन समाजलाई सक्रिय बनाउन साथै सामूहिक उत्तरदायित्व निर्वाह गर्नलाई उत्प्रेरित गरिरहेका हुन्छन्। त्यसैले संस्कृति मानिस र समाजको जीवन अभिन्न हुन्छ। संस्कृतिहीन मानिस र राष्ट्र हुँदैन साथै संस्कृतिहीन समाज बन्दैन।

संस्कृतिको निर्माणमा भूगोल, हावापानी साथै मानिसको सोंचको भूमिका रहेको हुन्छ। त्यसैले संस्कृतिमा विविधता हुनु स्वभाविक मानिन्छ अर्थात् सांस्कृति विविधता संस्कृतिको सौन्दर्यता हो। मधेशको खानपान र पहिरण हिमाली खानपानमा भिन्नता देखिनु, भोजपुरी नाच, साकेन्वा/साकेला नाच, मयूरनाचमा जातिगत तथा भौगोलिक भिन्नता देखिनु उल्लिखित परिवेश र कारणहरु नै मुख्य हुन्। यिनै जातीय, धार्मिक तथा भूगोलमा आधारित संस्कृतिहरुको जगमा राष्ट्रिय संस्कृतिको निर्माण हुन्छ। त्यसैले यी संस्कृतिहरु राष्ट्रका राष्ट्रिय सम्पदा, राष्ट्रको पहिचान, राष्ट्रको गौरवको रुपमा समग्रमा स्वीकारिएका हुन्छन् र संस्कृति संरक्षण, प्रचलन साथै प्रवर्धनको लागि सांस्कृतिक अधिकारको रुपमा संविधानमा नै व्यवस्था गरिएको हुन्छ। जस्तै : नेपालको संविधान २०७२ ले पनि यो सत्यलाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त स्वीकार गरेका तथ्य विभिन्न धाराहरुमा व्यवस्था गरेबाट प्रष्ट हुन्छ।

नेपाली समाजमा प्रचलित संस्कृतिहरुको खोजी, प्रर्दशनी र प्रवर्धनको लागि बहुआयामिक उद्देश्यसहित नेपाल सरकारले स्थापना गरेको सांस्कृतिक केन्द्र सांस्कृतिक संस्थान हो। यस संस्थानले आफ्नो स्थापनाकालबाट उद्देश्यनिहित भूमिका निर्वाह गर्दै आएको कुरा सर्वविदित छ। विशेषत : सस्कृतिका बहुआयमिक विधाहरु मध्येमा गीत, सङ्गीत, वाद्यवादन, नृत्य र नाटक सिर्जना र प्रदर्शन गर्नुका साथै यस क्षेत्रको जनशक्ति निर्माणमा समेत महइभ्वपूर्ण योगदान दिँदै आएको छ। यति मात्र होइन विदेशमा समेत राजकीय भ्रमणको क्रममा नेपाली संस्कृति प्रदर्शन गर्ने भूमिका निर्वाह गर्दै आएको इतिहास छ।

यही सिलसिलामा यस संस्थानबाट प्रकाशन हुन लागेको 'नेपाली संस्कृति' नामक पत्रिका नेपालमा लोप हुन लागेका साथै प्रचलित संस्कृतिहरुको अभिलेखीकरण साथै जानकारी सम्प्रेषण र संस्कृति संवृद्धि गर्ने उद्देश्यनिहित पत्रिका हो। पत्रिकाले यसपटकबाट मूलत: संस्थानमा प्रर्दशित सांस्कृतिक आयामहरु लोकगीत, लोकनाच, लोकबाजा साथै लोक नाटकसँगै आधुनिक गीत, सङ्गीत, शास्त्रीय सङ्गीत र राष्ट्रिय गीतहरुकै बारेमा केन्द्रित रहेर प्रकाशन प्रयास थालनी गरिरहेको सन्दर्भमा नयाँ प्रारम्भ स्थापित गर्ने कोशिष गरेको छ भन्दा फरक पर्दैन। यति मात्र होइन यस संस्थानले आगामी दिनमा संस्कृतिका वृहत्तर क्षेत्रलाई समेट्दै संस्कृतिलाई सांस्कृतिक उद्योगको रुपमा रुपान्तरन गर्दै सांस्कृतिक पर्यटन राष्ट्रको रुपमा पहिचान दिने लक्ष्यका साथ योजनावद्ध गति दिने प्रयास गरिरहेको छ। यस प्रयासलाई सार्थक बनाउने जिम्मेवारी संस्थान परिवारको स्वत: छदैंछ र प्रयास पनि गरिरहेको सन्दर्भमा सबै सरोकारवालाहरुको पनि साथमा साथ र काँधमा काँधको सहयोगको अपेक्षा गर्दछ। सबैले अपनत्व लिइ दायित्व र जिम्मेवारी निर्वाह गरेको खण्डमा सामुहिक प्रयासले छलाङ मार्न नसके पनि छलाङ मार्नको लागि सिंढीको काम अवश्य गर्नेछ भन्ने दृढ विश्वास छ।



**चन्द्रकुमार राई 'हतुवाली'**
अध्यक्ष
सांस्कृतिक संस्थान

## dxfk|aGws sf]egfO{

# Message from the General Manager



कुनैपनि राष्ट्रको पहिचान तथा अस्तित्व संस्कृति भित्र हुन्छ । संस्कृति नरहे देश रहन्न, देशै नरहे हामी रहन्नौं, तसर्थ राष्ट्रको अस्तित्व संस्कृतिको संरक्षण, संवर्द्धन, प्रवर्द्धन अपरिहार्य छ । नेपाल बहुल जातजातिको संस्कृतिको विशाल राष्ट्र हो । हिमाल, पहाड, तराई तथा सातै प्रदेशका विविध जातजातिहरुको भिन्न-भिन्न सांस्कृतिक विविधता भित्र पनि एकता हुनुले नेपाल र नेपालीको पहिचान तथा अस्तित्व विश्व सामु वेग्लै छ । हरेक जातजातिका आ-आफ्नै मौलिक संस्कृतिले जातीय पहिचानलाई स्थापित गर्दै राष्ट्रको सांस्कृतिक सौन्दर्य एवम् गरिमालाई उजागर गरेको छ । "संस्कृति" शब्द आफैमा व्यापक छ । संस्कृतिलाई सामान्य रूपमा नाचगानको रूपमा बुझ्ने गरिन्छ तर संस्कृति भित्र मानवसृष्टिकाल देखि हालसम्मका जीवनजगतका कुराहरू पाइन्छन् । संस्कृति लोककला, साहित्य, इतिहास, भाषा, धर्म, दर्शन, रीतिरिवाज, मूल्यमान्यता, परम्परा, ललितकला, मानवीय सीपहरु, आचरण तथा व्यवहार, मानवीय सोच तथा विचार, संस्कार, भेषभूषा, लवाइखवाई तथा खानपान, सङ्गीत (गायन, वादन, नृत्य) तथा नाटक, शिष्टाचार तथा आदरसत्कार, गुण तथा लक्षण, मानवीय सभ्यता, शास्त्रीय पद्धतिहरु, जीवन पद्धति लगायत जन्म देखि मृत्यु पर्यन्त क्रियाकलापहरुको एकमुष्ट रुप संस्कृति हो । एक मानिसको संस्कार, शिष्टाचार, भाषा, धर्म, भेषभूषा, कला देखि जीवन-मृत्यु पर्यन्त क्रियाकलापहरु उसको संस्कृतिभित्र पर्दछन् । सांस्कृतिक तत्वका रुपमा रीतिरिवाज तथा परम्परा, मूल्यमान्यता, नीतिनियम तथा कानुन, जीवनशैली तथा वास्तुशैली, आचरण तथा व्यवहार, भेषभूषा तथा रहनसहन, सामाजिकस्तर तथा जीवनस्तर, आ-आफ्नो जाति-भाषा-धर्म आदि पर्दछन् ।

संस्कृतिलाई संस्थागत रूपमा अगाडि बढाउन वि.सं २०१६ सालमा अवधारणा निर्माण गरी वि.सं २०१८ सालमा राष्ट्रिय नाचघरको स्थापना भई सञ्चार संस्थान ऐन, २०२८ अनुसार वि.सं २०२९ साल असार ५ गते आधिकारिक रूपमा सांस्कृतिक संस्थानको रूपमा गठन गरिएको यस नेपाल सरकारको पूर्ण स्वामित्व रहेको सांस्कृतिक संस्थाने स्थापनाकालदेखि आफ्नो उद्देश्य अनुरुप लोपोन्मुख अवस्थामा रहेका लोकगीत, लोकनृत्य, लोकवाद्य, लोकनाटक तथा समग्र लोकसंस्कृतिको खोज-अनुसधान गरी संस्कृतिको संरक्षण, संवर्द्धन, प्रवर्द्धन, दस्तावेजीकरण सहित पुस्तान्तरणका लागि नेपाल सरकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका कार्यक्रम, सभा, समारोहहरुमा राष्ट्रको पहिचान झल्किने कार्यक्रमहरू प्रदर्शन गर्दै आइरहेको सर्वविदितै छ । संस्थानले सामाजिक तथा सांस्कृतिक रुपान्तरणका लागि जागरणमूलक सांस्कृतिक अभियान, शिक्षालाई व्यावहारीक बनाउन पाठ्यक्रममा आधारित विभिन्न उपन्यास, कथा, एकाङ्की र नाटकलाई मञ्चन गरी प्रदर्शन गर्नुका साथसाथै विगतदेखि प्रशिक्षणका कार्यक्रम पनि सञ्चालनमा ल्याएको छ ।

संस्थानको वर्तमान नेतृत्वको दीर्घकालीन सोच संस्कृति, संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरणका लागि सामाजिक तथा सांस्कृतिक रुपान्तरण सहित संस्कृतिलाई उत्पादनसँग जोड दिई "सांस्कृतिक पर्यटन" र "सांस्कृतिक उद्योग"को रूपमा विकास गरी आर्थिक समृद्धिको मार्ग तय गर्नु रहेको छ । विशेष गरी उत्पादनका लागि दुई विषयवस्तु "सांस्कृतिक पर्यटन र डिजिटल उत्पादन" लाई प्राथमिकता राखिनेछ । यी दुई विषयलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा कार्यान्वयन गर्न सकेमात्र संस्कृतिबाटै समृद्धि सम्भव छ । यसका लागि नेपाल सरकारद्वारा संस्कृतिलाई उत्पादनसँग जोड्ने स्पष्ट राज्य नीति बनाई कार्यान्वयन गर्न अपरिहार्य छ । संस्कृतिलाई उत्पादनसँग जोड्ने लक्ष्य स्वरुप पर्यटन र पर्यटक लक्षित कार्यक्रम मार्फत सातै प्रदेशमा लोपोन्मुख अवस्थामा रहेका संस्कृतिहरू समेटेर संस्थानले कार्यक्रम प्रदर्शन गर्दै आइरहेको छ । यसबाट सांस्कृतिक पर्यटनको विकास विस्तार सहित राष्ट्रको सांस्कृतिक पहिचान अन्तर्राष्ट्रियस्तरसम्म पुग्नेछ । डिजिटल युगसँगै संस्कृतिको संरक्षण तथा प्रवर्द्धनका लागि लोपोन्मुख सांस्कृतिक कार्यक्रम उत्पादन गरी विविध डिजिटल प्रविधिका सामग्री मार्फत विश्वभरी सम्प्रेषण गरी डिजिटल उत्पादन सहितको आर्थिक समृद्धिको मार्गलाई जोड दिइने छ ।

नेपाल र नेपालीको अस्तित्वसँग जोडिएको संस्कृतिको संरक्षणका लागि विविध जातिका अमूर्त संस्कृतिहरुलाई अमूर्त/अभौतिक सांस्कृतिक सम्पदामा सूचीकरण गर्नु आजको आवश्यकता हो । त्यसका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नीति निर्माण कार्य भइरहेको परिवेशमा संस्कृति सम्बन्धी नेपाल सरकारको आधिकारिक निकाय सांस्कृतिक संस्थान भएकाले यसबारे गम्भीरतापूर्वक चिन्ता र चासो सहित संस्थानले आफ्नो भूमिका निर्वाह गर्नेछ ।

अन्त्यमा, सांस्कृतिक संस्थानको ५२ औं वार्षिकोत्सबको अवसरमा संस्थानको ऐतिहासिक विरासतलाई कायम राखी संस्थानको गरिमालाई थप विस्तार गर्न वर्तमान नेतृत्व नेपाल सरकारले अघि सारेका सुशासन, सामाजिक न्याय र समृद्धिलाई शिरोपर गर्दै संस्थानका विकृति, विसंगतिलाई जरैदेखि निर्मूल गरी सुशासन तथा सामाजिक न्याय सहितको गणतन्त्रका सौन्दर्यहरु सबै जातजातिका संस्कृतिहरुलाई समान रुपमा समेट्दै संस्कृतिबाटै समृद्धिको मार्ग निर्माणका लागि विचलित नभई, कर्तव्यनिष्ठ भई इमानदारीताकासाथ लागिपर्ने प्रतिबद्धता छ, रहिरहनेछ ।

**किरण बाबु पुन**
महाप्रबन्धक
सांस्कृतिक संस्थान

# बिषय सूचि


| विषय | पेज नं. |
|---|---|
| १. सांस्कृतिक संस्थानको परिचय, उद्देश्य तथा संस्थानले प्रदान गर्ने सेवाहरु | १-२ |
| २. सुदूर पश्चिम प्रदेश - भूओ पर्व नाच | ३-६ |
| ३. कर्णाली प्रदेश - मयूर नाच | ७-९ |
| ४. लुम्बिनी प्रदेश - भुमे/मूम्या नाच | १०-११ |
| ५. गण्डकी प्रदेश- कौराहा नृत्य | १२-१३ |
| ६. बागमती प्रदेश क) घोडचढी नाच, ख) आर्यतारा (चर्या) नृत्य | १४-१५ |
| ७. मधेश प्रदेश - झिझिया नृत्य | १६ |
| ८. कोशी प्रदेश - साङदाङराङमा लाक (डोक्केनी नाच) | १७-१८ |
| ९. लोपोन्मुख संस्कृति-राजवंशी लोक नाट्य - ढोल साहेना गाअन | १९ |
| १०. संस्थानद्वारा विभिन्न समयमा गरेका कार्यक्रमहरुको तस्विरहरु | २०- ३५ |

# १.१ सांस्कृतिक संस्थानको परिचय

नेपाली लोकगीत, लोकनृत्य, लोकवाद्य, लोकनाटक एवम् लोसंस्कृतिको संरक्षण, संवर्द्धन, प्रवर्द्धन, दस्तावेजीकरण सहित पुस्तान्तरण गर्न र प्रस्तुतिका माध्यमबाट लोकसंस्कृतिको संस्थागत विकास गर्ने उद्देश्यले २०१६ सालमा अवधारणा तयार भई २०१८ सालमा राष्ट्रिय नाचघरको स्थापना भएको हो । विभिन्न आरोह-अवरोह पार गर्दै राष्ट्रिय नाचघरलाई सञ्चार संस्थान ऐन २०२८ अन्तर्गत २०२९ असार ५ गते औपचारिक रुपमा सांस्कृतिक संस्थानको रूपमा गठन भएको हो । सांस्कृतिक संस्थानको स्थापनासँगै यो संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत एवं नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको छ । नेपाल सरकारको पूर्ण स्वामित्व रहेको ज्येष्ठ एवम् छुट्टै इतिहास र अनुभव बोकेको सरकारको एकमात्र संस्कृति सम्बन्धि आधिकारिक निकाय संस्थानले यस अवधिमा हाम्रा अमूल्य संस्कृति र सभ्यताको मूल्य एवं मान्यतालाई उजागर गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

सामाजिक तथा सांस्कृतिक रुपान्तरण सहित "संस्कृतिलाई उत्पादन सँग जोड् दिई सांस्कृतिक पर्यटन एवम् सांस्कृतिक उद्योगको रुपमा विकास गरी आर्थिक समृद्धिको मार्ग तय गर्ने" दीर्घकालीन सोच अनुरुप राज्यका महत्वपूर्ण कार्यक्रम, समारोह, पर्व एवं अन्य बिशेष अवसरमा राष्ट्रको पहिचान तथा अस्तित्व झल्किने लोक सांस्कृतिक कार्यक्रम समेत तयार गरी प्रस्तुत गर्दै आएको छ । वि.सं २०५८ साल देखि यस संस्थानले गायन, वादन, नृत्य तथा अभिनय जस्ता विद्याहरुमा प्रशिक्षण कक्षा सञ्चालन गर्दै आएको छ । यसप्रकारको प्रशिक्षणले कलाकर्मीको विकास, उनीहरुको प्रतिभा उजागर एवम् अवसर प्राप्तिका लागि आकर्षक गन्तव्यका रुपमा सांस्कृतिक संस्थान स्थापित छ । संस्थानमा कार्यरत कलाकार एवम् यहाँबाट प्रशिक्षित नयाँ प्रतिभाले अभिनय (चलचित्र, नाट्य), गायन, वादन र नृत्य क्षेत्रमा लोभलाग्दो स्थान बनाएको सर्वविदितै छ ।

सांस्कृतिक संस्थानमा हालसम्म इन्द्रप्रसाद काफ्ले, नारायण गोपाल, गणेश रसिक, रमेश ताम्राकार, नारायणभक्त श्रेष्ठ (रायन), हरिहर शर्मा, लक्ष्मण रायमाझी, भूपाल राई, नरेश पौडेल, शालिकराम तिमल्सिना, राजेश थापा र अशोककुमार राईले महाप्रबन्धकका रुपमा संस्थानको नेतृत्व सम्हालिसक्नु भएको छ । २०८० माघ ०३ गतेदेखि किरण बाबु पुन सांस्कृतिक संस्थानको महाप्रबन्धक हुनुहुन्छ । एक देखी नवौं तहसम्मका ५६ जना कर्मचारीको दरबन्दी रहेको संस्थानको प्रधान कार्यालय काठमाडौंको जमलमा रहेको छ ।

# १.२ संस्थानको उद्देश्य

संस्थानको लक्ष्य र उद्देश्य प्राप्तिका लागि संस्थानले प्रशासन शाखा, संगीत शाखा, नृत्य शाखा, नाटक शाखा, कार्यक्रम तथा योजना शाखा, हल शाखा, लेखा शाखा, अभिलेख शाखा र भण्डार शाखा गरी नौ वटा शाखा स्थापना गरी काम गर्दै आएको छ। संस्थानले आफ्नो लक्ष्य र उद्देश्य मिल्ने सरकारी एवं गैरसरकारी निकायसँग समन्वय र सहकार्यमा पनि कार्यक्रमहरु गर्दै आएको छ । आजको शिक्षा पद्धति जीवन उपयोगी शिक्षा हुनुपर्छ सो मान्यता आम विश्व समुदायले लिएको पाइन्छ । सोही सन्र्दभमा यस सांस्कृतिक संस्थानले विगत एक दशकदेखि समाजसेवा, शिक्षा, स्वस्थ्य तथा युवा जागरणका लागि अभियान कार्यक्रमहरु आयोजना गर्ने योजना अनुरुप कोर्षमा पढाई हुने बिषय वस्तुलाई समेत नाट्यमा रुपान्तरण गरी नाटकमञ्चन पनि गर्दै आएको छ ।

१. नेपाल सरकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका महत्वपूर्ण कार्यक्रम, समारोह, पर्व एवम् अन्य बिशेष अवसरमा राष्ट्रको पहिचान तथा अस्तित्व झल्किने लोक सांस्कृतिक कार्यक्रम उत्पादन तथा प्रदर्शन गर्ने ।
२. सांस्कृतिक जागरण गराई स्वस्थ मनोरञ्जन दिने ।
३. नेपालको मौलिक लोकसंस्कृतिलाई विश्वमाझ चिनाउने ।
४. देशभरका लोकसंस्कृतिकर्मी एवं कलाकारलाई चलायमान बनाउने ।
५. नयाँ प्रतिभाको खोजी गरी गायन, अभिनय, वाद्यवादन लगायत विभिन्न विधामा प्रशिक्षण दिने ।
६. लोकसंस्कृतिको खोज, अनुसन्धान, संरक्षण, प्रवर्द्धन एवं दस्तावेजीकरण गर्ने ।
७. नेपाली लोककला र लोकसंस्कृतिको जगेर्ना गर्दै लोकपरम्पराको विकास एवम् विस्तार गर्ने ।
८ नेपालसँग कूटनीतिक सम्बन्ध स्थापना भएको मुलुकसँग सांस्कृतिक आदानप्रदान कार्यक्रम गर्ने ।
९ नेपालको नाट्य संस्कृतिको विकास गर्ने तथा नाट्यका माध्यमद्वारा विभिन्न भाषाभाषी, जातजाति, धर्मालम्बीहरुका बीचमा सहिष्णुता, भातृत्वको भावनाको विकास गर्ने ।
१०.संस्कृतिलाई उत्पादन सँग जोड दिई सांस्कृतिक पर्यटन एवम् सांस्कृतिक उद्योगको रुपमा विकास गरी आर्थिक समृद्धिको मार्ग तय गर्ने ।

# १.३ संस्थानले प्रदान गर्ने सेवाहरु

सांस्कृतिक संस्थानसँग ठूलो प्रेक्षालय, मिनी हल र अभ्यास कक्षा गरी तीन वटा हल रहेका छन् । देशका विभिन्न कार्यक्रम हुँदै आएका यी हल संस्थानले आफ्नो लक्ष्य र उद्देश्य मिल्ने अन्य सरकारी एवं गैरसरकारी निकायलाई भाडामा पनि दिने गरेको छ । संस्थानको मुख्य हल मेघा हल प्रेक्षालय मा ७०० सिट क्षमता रहेको छ । नेपालका धेरैजसो कार्यक्रम यही हलमा हुने गरेको छ। संस्थानको मिनी हल प्रेक्षालयमा १०४ सिट क्षमता रहेको छ। अभ्यास कक्षामा एकै पटक लगभग ५० जना कलाकार नृत्य वा अन्य अभ्यास गर्न सक्ने क्षमता रहेको छ ।

१. हल भाडा ।
२. कलाकार प्रशिक्षण ।
३. कलाकार प्रमाणीकरण ।
४. सांस्कृतिक कार्यक्रम ।
५. नाटक मञ्चन ।
६. शिक्षण पद्धतिको विकास गर्न नाटक तथा एकाङ्की (श्रव्यदृश्य सामग्री) उत्पादन गर्ने ।
७. वृत्तचित्र निर्माण गर्ने ।
८. पाठ्यक्रममा समावेश भएका उपन्यासलाई नाट्य रुपान्तरण गरी नाटक मञ्चन गर्ने ।
९.नेपालको मौलिक लोकसंस्कृतिको खोज-अनुसन्धान एवं दस्तावेजीकरण सहित संरक्षण, संवर्द्धन, प्रवर्द्धन एवम् पुस्तान्तरणका लागि आवश्यक पहल गर्ने ।





# भुओ पर्व नाच

- डम्मर बहादुर रोकाया

भुओ नाच सुदूरपश्चिमलाई चिनाउने प्राचीन नृत्य प्रदान एक लोक संस्कृति हो । युद्धको भाका हो । कौशलताको प्रदर्शनी हो । खस सभ्यताको चिनो हो । यसको आफ्नै मौलिक विशेषता छ । यो नाच सुदुरपश्चिम प्रदेशको अछाम, बाजुरा, बजाङ र डोटी जिल्लाका विभिन्न स्थानहरु, कर्णालीका विभिन्न जि ल्लाहरु तथा भारतको उत्तराखण्ड सम्म नाचिंदै आएको छ । पछिल्लो समय पहाड बाट बसाई सरी तराइका जिल्लाहरु कैलाली, कञ्चनपुर बसोवास गरीरहेका समुदायहरुले पनि भुओ पर्व मनाउने गरेका छन् । ढाल र तरवार यस नाचका मुख्य गहना हुन् । प्रायः पौष महिनाको कृष्ण औंसीका दिन नाचिन्छ यो नाच। समय सन्दर्भ र मान्यताका हिसावले एकरुपता देखीए पनि स्थान अनुसार भुओ नाच छुट्टा छुट्टै प्रक्रियाद्वारा सम्पन्न हुने गरेको पाइएको छ । खासगरी निकै लामो समय देखी नाचिदै आएको अछाम जिल्लाको भुओ नाच सम्बन्धि केही नयाँ र रोचक प्रसङ्गहरु छन् । यहाँ तिनको चर्चा गर्न खोजिएको छ ।

**१) भुओ नाचको ऐतिहासिकता :**

खस नेपाली बोलिचालिको "भाइलौ" शब्द संग सामूहिक भावना अन्तरनिहित छ । यसभित्र आपसी सद्भाव र हार्दिकता छ । कुनै गह्रुङ्गो काममा सामुहिक तागत केन्द्रित गर्दा होस् या सामूहिक मनोरञ्जनका क्रियाकलापहरुमा "भाइली" शब्द फ्याट्ट प्रयोग भइहाल्छ । भैलो पनी दाजुभाईहरु मिलेर समूहमै खेलिने खेल भएकाले त्यही "भाइली" शब्द अपभ्रंश भएर भैली नाम विकसित भएको अनुमान गर्न सकिन्छ । वि.सं. १४५७ मा पूर्ण रुपमा खस साम्राज्यको राजाको हैसियतमा उदय भएको बलि राजाले आफ्नो शाषित साम्राज्य भरिका सबैलाई वर्षको एक पटक भइलो खेल्ने आदेश दिएका थिए रे । भैलोको सुरुवातीमा आजपनि हामी त्यसै आएका होइनौं बलि राजाले पठाए भनेर भट्याईको सुनिन्छ । खसकालमा गाउँगाउँमा पैकेला (योद्धा/सैनिक) हरु हुन्थे । पौष महिनामा भैलो खेलिन्थ्यो । दक्षिणा उठाउँदै आशिष दिइन्थ्यो । खस सभ्यतामा उनीहरुले खेल्न सुरु गरेको भैलो, समयक्रममा भुओ नाचमा परिणत भएर सांस्कृतिक पर्वको रुपमा विकसित भएको बुझिन्छ । अर्थात् "भैलो" शब्द अभ्रंश भएर भुओ नामाकरण हुन गएको देखिन्छ । "भु" को अर्थ भूमि अर्थात् प्रकृति र "ओ" को अर्थ ओम अर्थात् प्रार्थना हो । भूमी वा प्रकृतिको पूजा प्रार्थना भन्ने हुन्छ भुओको शाब्दिक अर्थ ।

यो अर्थ सान्दर्भिक छ । किनभने भुओ पर्व मष्टो पुजकहरुले मनाउँदै आएको पर्व हो । मष्टो पुजकहरु आफैमा प्रकृति पुजक पनी हुन् ।

कतै अग्लो डाँडा देख्यो की त्यहाँ ढुङ्गो उभ्याएर पुजा गरिहाल्ने, अप्ठ्यारो बाटो भेटियो भने, हिड्दाहिड्दै छेउछाउमा पाति राख्ने, लेकतीरका रुखहरुमा ध्वजा पर्गला झुण्ड्याउने, अनि गोठालाहरुले कुनै ठूलो ढुंगा वा टाकुरालाई देवताको स्वरुप ठानेर दुधचामल दिने त्यो संगसंगै "देश खानु सुची लेक खानु पुजी" भनेर बुढापाकाहरुले दिएको अर्ति उपदेश लाई हेर्दा मष्टो सभ्यता र भुओको अर्थ वीच तादाम्यता मिलेको देखिन्छ । भुओ नाचको सुरुवात कहिले बाट भएको हो ? यस सम्बन्धि बुझाईमा एकरुपता भने देखिँदैन । भुओ परम्पराको उत्पति काललाई कतिपयले महाभारतको युद्धसंग जोड्ने गरेको पाईएको छ । पाण्डवहरुले १२ वर्षको वनवासमा समय व्यतित गर्न र मनोरञ्जन लिने क्रममा भुओ नाचको रचना गरेका हुन् भन्ने गरिन्छ । जंगल वासका क्रममा आइपर्ने अनेक विपत्तिहरु, वन्यजन्तु तथा दुश्मनहरुलाई परास्त गर्न आत्मरक्षाका लागी सिकिएको एक किसिमको कलाका रुपमा परिभाषित गरीएको छ । कौरबहरुका विरुद्ध पाण्डवहरुको विजय उत्सव सँग जोडेर खुशीयाली स्वरुप नाच्न सुरु गरेको सन्दर्भ पनि भेटिन्छ किंवदन्तीमा ।

भुओ नाच सम्बन्धि चर्चामा नआएको अर्को रोचक प्रसङ्ग के छ भने ,भैल्या पूर्णिमा (मार्ग शुक्ल पुर्णिमा) का बेला भगवान रामकी रखवाली (कमारी) हराएकी थिइन् । गाउँका मान्छेहरु उनको व्यापक खोजी गर्न निस्केका थिए । खोजी गर्ने क्रममा डाको लाएर बोलाउन पर्यो भने के भनेर बोलाउने त भनि सोध्दा "बौजु" भनेर बोलाउने भनियो । कालान्तरमा भुओ भट्याउदा पनि "बौजू" भन्दै भट्याइदै आएको छ । बौजु अर्थात रखवाल लाई राक्षसहरुले मारेको केही दिन पछी मृत फेला पारियो र औंशिको मुल वा पौष कृष्ण औसिं पारेर उनलाई मुढाको चेणा (खात) माथी पोलियो । त्यही अनुसार भुओ पर्वपनी भैल्या पुर्णिमाको दिन शुरु गरेर करीब दश पन्ध्र दिन नाचेर औंशिको मुल पारेर बौजु पोल्ने वा भुओ समापन गर्ने प्रचलन छ ।

यसरी सुदुरपश्चिमको अछाम तिर नाचिदै आएको भुओ देवी देवता प्रतिको आस्थामा समर्पित देखिन्छ । देवी देवताका भक्तहरुले भुओ नाच नाचेर भगवतिलाई खुशी पार्नु पर्ने मान्यता रहि आएको छ ।

भुओ नाच्ने स्थानलाई "भुवाखाणा" भनिन्छ । यस ठाउँमा मुढाहरु जम्मा गरेर आगो बालिएको हुन्छ । भुओ नर्तकहरुले पौष, माघ को चिसोमा आगोमा हातहरु सेकाउदै ढाल तरवार नचाएर नाच्ने गर्दछन् । भुआखाँणाको आगो वा राँको सल्काएर अन्त लिन मिल्दैन । त्यो आगोको एक फिल्का मात्र पनि अपरिचित ठाउँको कुनै व्यक्तिले चोरेर लग्यो भने भुओ चोरिएको अर्थ लाग्छ । यसरी भुओ चोरिएको राम्रो नहुने मान्यता थियो पहिले तिर । त्यसैले त्यो आगोको पनि निकै सुरक्षा गरिन्थ्यो । अहिले पनि गरिन्छ ।

अछाम जिल्लाको हकमा अछाम स्थित हालको मेल्लेख गाउँपालिकाको माणिगणा भन्ने ठाउँमा सबै भन्दा पहिले भुओ नाच सुरुवात गरीएको कथन छ । नदाई डाँडामा हरिनोको भेषमा देवीले प्रदर्शन गरेको नाच देखेर भुओ नाच सँगै हरिनो नचाउने प्रचलन को सुरुवात पनी त्यही बाट भएको बुढापाकाहरुको भनाई छ। त्यसपछि ऋषिदहमा सुरुवात भएको भुओ नाचको भुआखाणाबाट रामारोशन पातलका सच्या बुढाले तमाखु भरिएको सुल्पा माथी चोरीएको आगो राखेर रामारोशन पातल गाउँको बुढागडामा पुगी पहिलो पटक चोर भुओ नाच सुरुवात गरेको कथा छ । भुओ नाचमा गाईदै आएको यो गीतले पनि उक्त कथनलाई बल पुऱ्याएको देखिन्छ ।

बौजु ! पहिली भुओ माडीगडा-२ पछी सिरी डाँडा - हे भस्सा भस्सी

बौजु ! दाइनी भया नन्दामाता-२ हाम्रा बुढागडा - हे भस्सा भस्सी

भुओ नाचको उत्पत्ति सम्बन्धि माथी जे जस्ता किंवदन्ती आए, तिनमा कत्तिको सत्यता छ त्यो अझ गहिरो अनुसन्धान र ऐतिहासिक खोजको विषय हुनसक्छ। यी मतहरु संग विद्वानहरुको बिमति पनि रहन सक्ला तर एउटा सत्यता के छ भने पर्व संस्कृतिको उत्पति र विकास प्रायः देवी सिद्धान्तलाई आधार बनाउने परम्परागत मान्यता प्रभावशाली छ । परम्परागत कुनै पनी संस्कृतिहरु, कथा र कहानीहरु कहीं न कहीं सामाजिक, धार्मिक तथा सांस्कृतिक घटना र किंवदन्ती सँग जोडिएर अस्तित्वमा टिकिरहेको पाइन्छन्।

खस साम्राज्यको ईतिहास अनुशार के देखिन्छ भने, भुओ पर्व संस्कृति खस सभ्यता सँगसँगै विकसित भएको साँस्कृतिक प्रचलन हो । तत्कालिन खसान राज्यका राजा बलिराजाको निर्देशनमा पैकेलाहरुले खेल्न सुरु गरेको भैलो परम्परा, समय क्रममा खस सभ्यताको अवसान पछि उदय भएका टुक्रे राज्यहरु बीचको आपसि द्वन्दको बीचबाट "भुओ खेल" नामाकरण हुँदै पर्व संस्कृतिको रुपमा विकसित भएको देखिन्छ। तत्कालिन वाइसे चौबिसे राज्य तथा त्यस अन्तर्गतका रजौटाहरु आपसमै निरन्तर द्वन्द, झगडा र काटमार गरेर लडिरहन्थे । लड्नलाई ढाल र तरवार तत्कालिन शाषकहरुका मुख्य हतियार मानिन्थे । पृथ्वीनारायण शाहले नेपाल एकिकरण गर्दा होस् वा नालापानीको युद्ध होस् लडाकु सिपाहीहरुले यही ढाल र तरवारको सहारा लिएका थिए । युद्धको अभ्यास गर्दा होस् वा युद्ध पछि विजय उतव मनाउने क्रममा नाचिने नाच नै भुओ नाचको सुरुवाती कालखण्ड हो। भुओ नाच प्रस्तुतिको प्रकृतिलाई हेर्दा आज सम्म पनि युद्धकला प्रदर्शन गर्दै नाचिदै आएको परेड नाचले पनि त्यसको पुष्टि गर्दछ।

**२) कसरी नाचिन्छ भुओ नाच ?**

भुओ नाच पुरुष प्रधान पर्व नाच हो । यस नाचमा महिलाहरुको सहभागिता हुँदैन । बालक देखी बृद्ध सम्मले यो नाच सहजै नाच्न सक्दछन्। भुओ नाच टीममा एकजना अगुवा गुरु हुन्छन् । जसको काम भुओ नाचका विभिन्न चालीहरु (स्टेपहरु)मा टीमलाई नचाउनु हो । त्यस्तै एकजना भुओ नाचको रजवार हुन्छन् रजवारले देवीको मुख्य भक्तको रुपमा अनुशासनमा बस्नु पर्ने हुन्छ । उक्त समयमा रजवारले अरुले पकाएको खान समेत खान मिल्दैन। भुओ नाच नाच्ने क्रममा गीत गाइदैन। नाच रोकिएको बेला वा हिँड्ने बेला भने गीत गाईन्छ। यसरी गीत गाउनु लाई "माणा हाल्नु" भनिन्छ। गोलो घेराको विच्चमा बसेर दमाहा बजाईन्छ। दमाहाको तालमा ढाल तरवार समाएर भुओ नाच नाचिन्छ। ढाल दरवार नहुनेहरु रुमाल लठ्ठी समाएर पनी नाचमा सहभागी हुने गर्दछन्। दमाहा बजाउन पनी सिपालु मान्छे चाहिन्छ । भुओ नाच गुरु र दमाहा बादक वीचको तालमेल मिल्नु पर्ने हुन्छ । गुरुले नाचका स्थापित चालहरु बीच बीचमा बदल्ने गर्दछन्। गुरुले दिएको हाउभाउको संकेतको आधारमा बाजाको ताल पनी सोही अनुरुप बज्नु पर्ने हुन्छ । बाँकी जति पनि भुओ नर्तकहरु हुन्छन् तिनीहरुले गुरुले नाचीरहेका स्टेपहरुलाई पछ्याउदै नाच्नु पर्ने हुन्छ। भुओ नाच्दा एउटै खाले ड्रेस अनिवार्य नभएपनी आजभोली दौरा सुरुवाल, कोट र टोपी पहिरिने गरिन्छ।

**३) भुओ नाचका चालीहरु :**

दमाहाको तालमा चल्ने नाचका स्टेपहरुलाई चाली भनिन्छ। यी चालीहरुमा युद्धका अनेक हर्कतहरु भेटिन्छन्। आजभोली त ढाल तरबार नचाउँदै कतै कतै एकल नाच पनि नाच्ने गरीन्छ । कम्मरमा बाँधिएको लामो डोरीमा तरबार बाँधी घुम्दै गरेको तरवार लाई छेल्दै छेल्दै नाचिने नाच पनी निकै नै रोमाञ्चक हुन्छ। भुओ नाचका चालीहरु जम्मा जम्मी १६ ओटा हुन्छन्। जस्तै : १) फटेको चाली २) ठाडो चाली ३) चौपायाँ चाली ४) तेपायाँ चाली ५) दोपाया चाली ६) एक पाया चाली ७) बान्द्रे चाली ८) लपाके चाली ९) दोब्ने चाली १०) बगेंली चाली ११) फुलहरी चाली १२) एक छट्के चाली १३) चौंडाल चाली १४) बाउँते चाली १५) कवाजे चाली १६) देउडा चाली (नयाँ)।

यी १६ ओटा चाली भित्र पनि थरी थरिका हाँगा विंगा हुन्छन्। यी सबै चालीहरु मध्ये सुरुमा नाचिने चाली भनेको फट्को चाली हो। यो चालीको नाच खतरनाक हुन्छ। दायाँ तीर देवी र बायाँ तीर देवता लाई विन्ति प्रार्थना गरेर, एकअर्कोलाई ढोग दिँदै, ढाल तरवारलाई हृदयमा राखिएको अभिनय गरेर नाच सुरु गरिन्छ। बाजाको ताल जति बढ्दै जान्छ त्यति नै गतिमा ढाल तरवार नचाउँदै छिटो छिटो नाच्नुपर्ने हुन्छ। तरबार अर्काको शरीरमा नलागोस् भनेर दुरी कायम गरेर नाच्ने गरिन्छ।

**४) भुओ नाचका गीतहरु :**

भुओ नाच्दै गर्दा गीत गाईदैन, तर भुओ रोकिएको बेला होस् वा हिँड्ने बेला भने गीत गाएर रमाइलो गरीन्छ । यसरी गीत



*भुओ नाच सुदूरपश्चिमलाई चिनाउने प्राचीन नृत्य प्रदान एक लोक संस्कृति हो।*

गाउनु लाई “माणा हाल्ने” भनिन्छ । भुओ टीम गाउँका टोल टोल पुगेर नाच प्रदर्शन गर्ने गर्दछ। त्यस बखत मानीसहरुले भगवती माईको सेवा र दर्शन स्वरुप घरघर बाट क्षमता अनुसार चामल र पैसाहरु चढाउने गर्दछन् जसलाई “पिठायो” भनिन्छ । यसरी पिठायो बटुल्दै हिँड्ने क्रममा तरवारको टुप्पोमा ढाल अड्याएर माथी आकाश तीर उचाल्दै आलो पालो गीत गाउने गरीन्छ। ढालमा बाँधिएका मुजुरा र साना खाले घण्टाहरुको झंकृत आवाज अति नै उमङ्गिलो हुन्छ । दुई तिन जनाले लामो आवाजमा गीतको उठान गर्छन् र बाँकिले भस्सा भन्दै थप मिठास थप्ने काम गर्दछन् । भस्सा र भस्सीको अर्थ भलाभली भन्ने हुन्छ।

भुओ नाच सुरु गर्नुलाई भुओ पैटाउनु भनिन्छ। भुओ देवी देवताको मन्दिरमा गएर पैटाइन्छ। भुओ नाच प्रारम्भका गीत देवताको मन्दिरमा गएर पैटाइन्छ । भुओ नाच प्रारम्भका गीत यस्ता हुन्छन् -

बौजु ! (पहिली भुओ मांडीगडा)२ पछी सिरी डाँडा २ - हे

भस्साभस्सी

बौजु ! (दाइनी भया नन्दामाता)२ हाम्रा बुढागडा २ -हे

भस्साभस्सी

बौजु ! (जडा काटे भाङ तमाखु)२ टुपाको सुरती २ - हे

भस्साभस्सी

बौजु ! (दाइनी भया नन्दामाता)२ चढाउँला मुरती २ - हे

भस्साभस्सी

**५) हिंड्दा हिंड्दै गाइने गीतहरु :**

वड्डे भुओ र चोर भुओ गरी भुओ दुई प्रकारको हुन्छ। बड्डे भुओ करिव दश देखी पन्ध्र दिन सम्म नाचिन्छ भने चोर भुओ पाँच दिन भित्रै नाचेर समापन गरिन्छ । बड्डे भुओको टीम टाढा टाढा सम्म पुग्ने गर्दछ। अछाम बाट छिमेकी जिल्ला कालिकोट सम्म पुगेर नाचेर फर्किन्छ। यसरी टाढा टाढा पुग्दा भुओ टीमको भव्य स्वागत, सत्कार गरिन्छ। यसरी खसी काटेर भुओ टीमलाई मिठो खाना खुवाउँदा देवीले राम्रो आशिष दिने मान्यता रही आएको छ । चोर भुओ भने आफ्नै गाउँघरतिर खेलेर नाचेर समापन गरीन्छ । जे होस समयको अवधिको हिसावले भुओको नामाकरण फरक भएपनी बाँकी सम्पूर्ण प्रक्रिया एउदै हुन्छ। यहाँ भुओ नाच हिड्दा हिड्दै गाईने गरीएका गीतका केही अंश हेरौं :

बौजु ! (जेठी बहिनी लालसरा)२ कान्छी बहिनी देवा२ - हे

भस्साभस्सी

बौजु ! (नन्दा माइको भुओ आयो)२ मुखियाको सेवा २- हे

भस्साभस्सी

बौजु ! (क्या राम्रा केलीका पात)२ तर पानी तर २ -हे

भस्साभस्सी

बौजु ! (हन्डै खसी खाँदो भयो)२ मुखियाको घर २ - हे

भस्साभस्सी

जब पिठायो अर्थात् चामल पैसा ग्रहण गरिन्छ त्यसपछी फेरी आशिष गीत गाईन्छ।

बौजु ! (बाट तली पुछ फाल्याको)२ चुराईना सापले २ - हे

भस्साभस्सी

बौजु ! (मानो चलोस् पाथी बढोस्)२ देवीका छापले २ - हे

भस्साभस्सी

भुओमा गाइने यी माणाहरु दुरुस्तै देउडा गीतहरु नै हुन् तर यी गीतहरुको आफ्नै लय, ताल र प्रस्तुति शैली हुन्छ । गितको सुरुको आधा पंक्ति जो आरोह तिर दुई पटक ठाडो गाईन्छ त्यो बेला दमाहा बज्दैनन् । जव पछिल्लो आधा पंक्ति अवरोह तिर गाईन्छ त्यो बेला भने दमाहाको ताललाई“हिंडाउ बाजो” भन्ने गरिन्छ। माथी प्रस्तुत गितका पंक्ति अनुशार, भुओ पर्व नन्दामाई (देवी) को हो भन्ने मान्यता छ । भुओ नाच गाउँका मुखियाका घर पुगेको र त्यहीँ बास बसेर खसी काटेर भोज खानेछ भन्ने आशय छ गीतमा । घरमा भुओ बास बस्नु भनेको देवीको बास हुनु हो भन्ने जनविश्वास छ।

पछिल्लो दुई लाईन गीत भने आशिष गित हो। घरबाट पिठायो (दक्षिण) आइसके पछि मानोको बदला पाथी बढाई दिउन् भनेर कमना गरीएको छ।

**६) बौजु पोल्ने रात :**

भुओ नाच समापनको अघिल्लो राती रजवारको घरबाट रजवार लाइ नै मृत बौजुको रुपमा भुवाखाडाको चेणा तीर ल्याईन्छ। त्यस दिन बाजा पनि उल्टो अर्थात् मान्छे मर्दा बजाउने बाजा बजाईन्छ । संगै एउटा बोका पनि लिईन्छ। बोकालाई कराउन दिइन्न । रजवारले हातमा दियो बोकेका हुन्छन्। त्यो दियो चेणा नपुगुञ्जेल निभाउन मिल्दैन । भगवान रामकी रखवाली लाई राक्षसले मारी दिएको स्मृति सँग जोडिएको यो परम्परागत कथा अनुसार रजवारलाई वरीपरी चारैतीरबाट ढाल तरवारले घरेर लगिन्छ । आगो दन्किरहेको मुणाको चेणामा बोकाको टाउको काटेर फालिन्छ र बाँकी मासु कसले कता लिएर खान्छ कुनै पत्तो नै हुँदैन।

**७) हरिनो नाच :**

भुओ नाचको अन्तिम दिन हरिनो बनाएर नचाईने प्रचलन छ । नन्दादेवी माता प्रकट भएको डाँडामा आजभोली नन्दादेवी माता र देवीका छुट्टाछुट्टै मन्दिर अवस्थित छन् । जसलाई नदाई पनी भनिन्छ। परापूर्वकालमा त्यही डाँडामा गोठालाहरुले हरीण जस्तै सुन्दर देखिने तर लामो रंङ्गि बिरङ्गी चिज नाचीरहेको देखेपछी त्यसलाई प्रतिकको रुपमा डाँडातिरै फर्काएर आज सम्म पनी हरिनो नचाईने प्रचलन यथावत छ।

त्यस दिन बाहेक अन्य दिनमा हरिनो बनाउँदा अनिष्ट हुने बुझाई छ। अरुले नसिकुन् भनेर हरिनो तयार पार्दा निश्चित मान्छे बाहेक अरुलाई जान र हेर्न दिईदैन। तीनजना मान्छे लस्करै निहुरेर लाम्चो आकारमा उभिन्छन् तीनलाई भित्र बाट काम्लो (भेडाको उनबाट बनेको कम्मल) ले लपेटिन्छ र बाहिर बाट रातो कपडा (अवार्ड) ले ढाँकिन्छ । अगाडी सिंङ सुँड बिच्चमा सेतो पछ्यौरा र पछाडी पुच्छर बनाइएको हुन्छ। हरिनो भित्र दलित समुदायका मान्छेहरु मात्र पस्ने परम्परा रही आएको छ। जब हरिनो तयार हुन्छ त्यसपछी दुईतिर भुओ नर्तकहरु दमाहको तालमा चौडाल नाच्दै बिचमा हरिनो नचाएर अघी अघी भुवाखाणा तिर ल्याईन्छ । यो दृश्य भनेका भुओ नाचको सबैभन्दा आकर्षक र रोमाञ्चक दृश्य हो । हरिनो अलि टाढाबाट नचाईदै ल्याउनुपर्ने भएकोले त्यो सोझो बाटोमा हरिनोले तीनचोटी विश्राम गर्दछ र अघी बढ्दछ । हरिनोको सिंडमा समातेर बाजाको तालमा नचाईन्छ । हरिनोलाई नचाउँदा मुँजुरा, ढोल र टाम्को मात्र बजाईन्छ त्यसबेला गित पनि गाईन्छ । गितको सानो अंश :

हरिनाकी रानी बिन्द्रावन जानी

क्याँ क्याँ फल खानी, नाच नाच हरिनाकी रानी ॥

यहाँ गितमा हरीनाकी रानी भनेर देविलाई भनिएको छ । हरिनो बनाएर नचाउदा देवी पनि खुशीले नाच्ने गर्छिन् भन्ने मान्यता अनुसार, देवीलाई खुशी पार्न नै हरिनो बनाएर नचाउने प्रचलन छ । माथीको गितले पनि त्यही बोलेको छ।

यसरी वर्षको एक चोटी मात्र नाचिने भुओ नाच समापन को क्षणमा माहुरिको गोलो जस्तै एकै ठाउँमा झुम्मिएर बौजु लाई भलाभली लगाउने गित गाउँदै समापन गरीन्छ :

बौज ! (क्या टिपी भेडीका गला)२ गादो भरि औला २ - हे

भस्साभस्सी

बौजु ! (बौजु बाइगईन् स्वर्गे लोक)२ म कसरी रौंला २ - हे
भस्साभस्सी
बौजु ! (बल्द किने बयला होइ)२ गाई किने काँडा होई २ -हे
भस्साभस्सी
बौजु ! (फर्किकन हेरिएल)२ ढल्कने डाँडा होई २ - हे
भस्साभस्सी
बौजु ! (हानिदेव फट्कोपन)२ टल्काईदेव ढाल २ - हे
भस्साभस्सी
बौजु ! (अब भेटु पुणा वर्ष)२ जन लियई काल २ - हे भस्साभस्सी

**८) भुओ नाचमा देखीएका समस्याहरु :**

१. भुओ नाचका मुख्य गहना भनेकै ढाल र तरवार हुन् जो अपर्याप्त छन् ।
२. दुर्वेसनिहरु भुओ नाचमा नाच्दा नाच्दा नाच मर्यादित बनाउन नसकेको अवस्था छ ।
३. सरोकारवालाहरुको निश्चित समिति नहुँदा भुओ नाच अव्यवस्थित हुने गरेको छ ।
४. नयाँ पिंढीमा भुओ नाच प्रति अभिरुची बढे पनी नाच सम्बन्धि ज्ञान पुस्तान्तरण हुन सकेको छैन ।
५. भुओ नाच कुनै पेशा वा व्यवसाय सँग नजोडिएको परम्परागत संस्कृति भएकाले यो लोपोन्मुख अवास्थामा छ ।
६. भुओ नाच स्थानिय पाठ्यक्रममा समावेश हुन सकेको छैन ।
७. हरिनो बनाउने साधनको अभावमा पहिले जस्तो आकर्षक हरिनो बन्न छोडेको छ ।

**९) भुओ नाच संरक्षणको लागी गर्नुपर्ने कामहरु :**

१. स्थानिय स्तरमा १८ देखि २० जना सम्मको एउटा निश्चित भुओ साँस्कृतिक समिति बनाएर कोप खडा गर्न जरुरी छ ।
२. भुओ नाचमा प्रयोग हुने ढाल तरवार निर्माण कार्य महंगो पर्ने भएकाले राज्यले नै यसको दायित्व लिएर आर्थिक सहयोग उपलब्ध गराउन जरुरी छ ।
३. सुदुपश्चिममा आयोजित महोत्सवहरुमा भुओ नाचको उपस्थिति अनिवार्य गर्न जरुरी छ ।
४. पुरानोसंग संगै भुओ नाचका नयाँ नयाँ चालीहरु (स्टेपहरु) विकसित गर्दै समय सापेक्ष मागलाई समेत सम्बोधन गर्न सक्नपर्दछ ।

# मयूर नाच



*- मनलाल ओली र कुबेर ओली त्रिवेणी गाउँपालिका, रुकुम पश्चिम*

परिचय

संस्कृतिले कुनै पनि गाउँ, समाज तथा राष्ट्रको पहिचान गर्दछ । संस्कृति नै राष्ट्रको महत्वपूर्ण सम्पदा पनि हो । बहुभाषि, बहुजाति, बहुधार्मिक तथा बहुसंस्कृतिले हाम्रो देश नेपाललाई विश्वसामु पहिचान दिएको छ । परम्परादेखि चल्दै आइरहेको हाम्रो संस्कृतिलाई हामा पूर्खाहरूले संरक्षण गर्दै ल्याएका छन् । वास्तवमा संस्कृति नै राष्ट्रको प्राण हो । यसले समाजमा एकता, सद्भाव, प्रेम, स्नेह, सदाचार, मानवता, मेलमिलाप, भातृत्व, शान्ति, सहिष्णुता लगायतका पक्षको उजागर गराउँछ । संसारमै उत्कृष्ट मानिने नेपाली संस्कृतिका आफ्नै मौलिक विशेषता छन् । यस अन्तर्गत नृत्य पनि एक हो । बहुसंस्कृतिले युक्त हाम्रो देशमा भौगोलिक स्थान, जातजाति र भाषाभाषि अनुरुप विभिन्न नाम र प्रकारका नृत्यहरू रहेकाछन् ।

हाम्रो देशका विभिन्न स्थानमा विभिन्न समुदायले नाच्ने नृत्य अन्तर्गत पैसरी(लहरे) नृत्य, मयूर नृत्य, कौडा नृत्य, खुकुरी नृत्य, टप्पा नृत्य, डोको नृत्य, धान नाच, मारुनी नाच, सोरठी नृत्य, हुड्केली नृत्य, साकेला शिली नृत्य, जट जटिन नृत्य, मारुनी नाच, पाङ्दुरे नाच, झ्याँमरे (झ्याँप्रे) नाच, च्याब्रुङ नाच, विरहेन चाँचर, चोरखेलिया नाच, रास लिला नाच, कृष्ण लिला नाच, तरवार नाच, झुमरा नाच, महरवा देवी नाच, वडका नाच, बाह्रमासे नाच, हददुङ्वा नाच, जोगिरा नाच, सरु नाच, कठारिया नाच, कटेहर नाच, रानी नृत्य, धुमरारझुमरा नाच, रसधारी, झुमटा, छोकरा, झुर्रा नाच, झिझिया नाच, कहरवा नाच, स्याब्रु नाच, संगिनी नाच, राजवंशी नाच, स्वौक्या ड्वाङ्न्या नाच, ढाल नाच, वाँतर नृत्य, झपा नाच, हुर्रा नाच, रुद्रायणी नाच, कर्मधर्मा नृत्य, धिमाल नृत्य, गोडही नृत्य, रोदी नाच, झुम्के नाच, सेलो नाच, मानीरिम्दु नाच, ट्यामकुली नाच, हवेदा, औली नाच, झाँगर, कहार नाच, जताहा जातिनी नाच, जाट जटिन नाच, धिमे नाच, चुडका नाच, सामा चकेवा नाच, होप्चा नाच, लाखे नाच, पुलकिसी नाच, खालो नाच, घोडा नाच, जोगी नाच, टाकटुके नाच, लुसी नाच, छोरखोला नृत्य, वैशाख नृत्य, ठेकरा नाच, लहरे नाच, झोरेल्नी नाच आदि ।

हाम्रो देशका विभिन्न स्थानमा विभिन्न समुदायले आफ्नो मौलिक परम्परा र संस्कृति अनुरुप विभिन्न खालका नृत्य गरिरहेको देखिन्छ । नेपाल बहु संस्कृतिले युक्त देश भएकोले यहाँका हरेक कुनाकन्दरमा आफ्नै परम्पराको मौलिक लोकनृत्य प्रचलनमा छन् । नृत्य विभिन्न नाम र प्रकारका हुने गर्दछन् । विभिन्न नामका नृत्य अन्तर्गत यहाँ मयूर नृत्यबारे चर्चा गरिएको छ ।

**मयूर नृत्य**

मयूर एक प्रकारको रङ्गिन प्वाँखले सजिएको सुन्दर पंक्षी हो । खासगरी यसको मूल वासस्थान दक्षिणपूर्वी एसिया हो । अन्य चरा झैं यसले पनि वनजङ्गलमा रमाउन आनन्द मान्दछ । मयूर निलो, हरियो तथा सुनौलो रङ्गी विरङ्गी प्वाँखले बनेको निकै सुन्दर चरा हो । विशेषगरी भाले मयूरको शरीरमा रङ्गी विरङ्गी प्वाँख हुन्छ । यसले प्रजनन प्रकृया शुरु हुने क्रममा पोथीलाई फकाउन र आकर्षण गर्नको लागि प्वाँख फिजाएर रमाइलोसँग नाच्दछ । आफै त यसको सुन्दर प्वाँख त्यसैमा झन नृत्यले सबैलार्य आकर्षण गर्दछ । यसको सङ्ख्या भारतको विभिन्न जङ्गलमा अत्यधिक मात्रामा रहेको पाइन्छ । भारतमा निलो र हरियो गरी दुई प्रजातिको मयूर पाइन्छ । मयूर भारत र श्रीलङ्काको राष्ट्रिय पंछी पनि हो ।मयूरहरू कहिलेकाँही समूहमा पनि नाच्दछन् । शुरुशुरुमा भारतको

विभिन्न स्थानमा त्यहाँका मानिसले नाटक वा ड्रामा प्रस्तुत गर्दा अभिनयात्मक रुपमा यसको प्वाँख जिउमा लगाएर नाच्ने गर्दथे । खासगरी मयूरबाट नै मानिसले मयूर नाचको शुरुवात गरेको पाइन्छ ।

मयूर नाच नेपालको कर्णाली प्रदेश अन्तर्गत बाँके, बर्दिया, कैलाली, कञ्चनपुर दाङ, सल्यान, रुकुम, जाजरकोट, सूखेत, दैलेख लगायतको जिल्लामा स्थापित लोकप्रिय नाच हो । भारतमा मजदुरी गर्न गएका नेपालीले त्यहीबाट सिकेर यहाँ विस्तार गरेको पाइन्छ । विशेष गरी थारु समुदायले मयुरका प्वाँखलाई पिठ्यूमा बेरेर नाचेको पाइन्छ । केही समयपछि सल्यान, सुर्खेत, जाजरकोट, रुकुम लगायतका मानिसले मयूरका प्वाखलाई कपडामा बेरेर गरुवा बनाई पिठयूमा राखी लठ्ठी सहित कलात्मक तरिकाले नाच्ने परम्परा बसालियो । मयूर नृत्यलाई गरुवा नाच, स्यारङ्गे नाच आदि नामले पुकारिन्छ । हाल मयूर नृत्य रुकुम पश्चिम, रुकुम पूर्व, सल्यान, सुर्खेत, जाजरकोट, दैलेख, रोल्पा, दाङ लगायतका जिल्लाहरूमा नाचिन्छ ।

मयूर नाच रुकुम जिल्लाको साँस्कृतिक पहिचान अन्तर्गत महत्वपूर्ण नृत्य मानिन्छ । यहाँ स्थानीयहरू खासगरी दशै., तिहार, मेला, जात्रा, विशेष उत्सव, जमघट, विवाह, पूजाआजा, भोज लगायतका अवसरमा प्रस्तुत गरिन्छ । त्रिवेणी गाउँपालिका रुकुम पश्चिममा त्यहाँको स्थानीय सरकारले मौलिक कला संस्कृतिको प्रवर्द्धन गर्ने उद्देश्यले कला, साहित्य, संस्कृति, संरक्षण मञ्च गठन गरेको छ । उक्त संस्थाले स्थानीय मौलिक संस्कृति अन्तर्गत पैसरी, मयूर, सिंगारु, झाँप्रे, लगायतको नृत्यलाई संरक्षण गरिरहेको छ । मयूर नाचमा अगुवादेखि पछुवासम्मले लगाउने गरुवाको डिजाइन र ऐनाको सङ्ख्या पनि क्रमाअनुसार फरक-फरक बनाइएको हुन्छ । लठ्ठीहरूलाई पनि आकर्षक रूपमा सिँगारिएको हुन्छ । अगुवाको लागि गरुवा र लठ्ठी पनि विशेष प्रकारको हुन्छ ।

## मयुर नाच के हो र कसरी नाचिन्छ ?

मयूर नाच विशेषगरी साविकको मध्यपश्चिमाञ्चल तथा हाल कर्णाली प्रदेश अन्तर्गत सल्यान, रुकुम लगायतका जिल्लाको लोकप्रिय एवम् सुप्रसिद्ध परम्परागत नाच हो । हाल यो नाच जाजरकोट, दैलेख, सुर्खेत, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, दाङ, रोल्पा जिल्लामा पनि नाचिन्छ । यो नाच खासगरी दशैं, तिहार, विभिन्न जात्रा, मेलापर्व, विवाह, विशेष समारोहहरूमा पनि नाचिन्छ । मयूर नाच समूहमा नाचिने नाच हो । यसको समूहमा १२ देखि २२ जनासम्म नचारु हुन सक्छन् । सङ्ख्या जति भए पनि जोडा सङ्ख्या अनिवार्य हुनुपर्छ । यसमा उमेर वा लिङ्गको कुनै हद हुँदैन । तथापि यो नृत्यमा शारीरिक कसरतको आवश्यकता पर्ने भएकोले यूवायुवतीलाई सान्दर्भिक मानिन्छ । सकेसम्म एउटै उमेर समूह र एउटै उचाई भएमा नृत्य थप रोचक देखिन्छ ।

मयूर नाचमा नचारूहरू नाच्न पोख्त हुनुपर्छ । नयाँ नचारूले एकदुई महिनाको तालिम वा अभ्यास गररे नाच्दछन् । पहिले-पहिले यसलाई गरूवा नाच वा स्यारङ्गे नाच पनि भनिन्थ्यो । मयूरको प्वाँखलाई कलात्मक तरीकाले बाँस वा निगालोको फ्रेममा कपडाले बुनी त्यसमा विभिन्न बुट्टाले सिङ्गारी, ऐनाहरू जोडेर बनाएको आकृतिलाई गरुवा भनिन्छ । प्रत्येक नचारुले गरुवा पहिरेर नाचिने भएको हुँदा यसलाई गरुवा नाच भनिन्छ । विशेषगरी यस नाचमा २२ ताल (दाप्का) हुन्छन् । एकदेखिबाइस पटक लठ्ठी जुधाउने गरिन्छ । यसमा अन्य थप कला र हाउभाउ पनि गरिन्छ । समय र परिवेश अनुसार थप गर्दै गइन्छ । मयूर नाच सङ्गीतबद्ध हुन्छ । पछिल्लो चरणमा महिला पुरुषको समूहमा नाचिने मयूर नाचको लोकप्रियत बढ्दै गएको देखिन्छ ।

## मयुर नाचमा आवश्यक सामग्री

मयूर नाचको लागि प्रमुख साधन गरुवालाई मानिन्छ । कतै कतै गरुवाबिना पनि नाचेको पाइन्छ । गरुवाबेगरको नाच आर्कषक देखिदैन । त्यसैगरी मयूर नाचमा मादल र डौरीअतिआवश्यक साधन मानिन्छन् । यसका साथै अन्य सामाग्रीमा लठ्ठी, झ्याली, खैंचडी, बाँसुरी, पैजन, हार मुनियम,, क्यासियो, दमाहपनि प्रयोग गरिन्छ । गरुवा नाचमा पोशाकले थप आकर्षण गर्ने भएकोले प्राय एकै खाले पोशाक हुँदा राम्रो देखिन्छ । पुरुषले टोपी, कमिज, स्टकोट, छट्के धरो, जुत्ता लगायतका सामाग्री आवश्यक पर्दछन् । महिलाले चोली वा बलाउ, धोती, विभिन्न गरगहनामा सजिएका हुन्छन् । कतिपय स्थनमा महिला पनि पुरुषको पोशाकमा नाचेको पाइन्छ । अन्य सामाग्रीमा बायाँ हातमा रुमाल वा गोलो फरी (छाप्री) लगाउने गरिन्छ । यसले नाचलाई थप रोचक बनाउँछ । यस नाचमा कतकतै एकजना हाँस्यव्यङ्गे नचारु पनि हुन्छ । त्यसलाई खप्परे भनिन्थ्यो ।

मयूर नाच मादलको तालमा नाचिन्छ । मादल बजाउने व्यक्तिलाई गुरु भनिन्छ । नचारुको नायकलाई अगुवा भनिन्छ । अगुवाले मादलको तालमा मुख वा सिट्ठीद्वारा अन्य समूहलाई निर्देशन गर्दैछ । अगुवाकै निर्देशन अनुसार अन्य समूहले ताल वा अभिनय छोप्नुपर्दछ । मादलको तालमा अगुवाले जुन ताल झिक्छ पछाडिकाले पनि त्यही ताल समात्नुपर्ने हुन्छ । यस नाचमा मादले गुरुको महत्वपूर्ण भूमिका हुन्छ । अगुवा लगायत अन्य नचारुले मादलको ताल बुझ्न आवश्यक हुन्छ । मयुर नाचमा नचारूको निश्चित पोशाक नभए नाचो आकर्षक मानिदैन । गरुवालाई पिठ्यूमा अड्याउन माथिल्ला भागमा डोरी र तल्लो भाग (कम्मर) मा बाँध्न प्रत्येकको रुमाल हुन्छ । मादल, डौरीको “ग्यारघिनाउ-ग्यारघिनाउ” र नेवर(पैजन)हरूको “सेरेङ-सेरेङ” बज्ने आवाजले दर्शकलाई मोहित पर्दछ । मयूर नाचमा नचारूले हात, खुट्टा, कमर र जीउलाई विभिन्न भावभङ्गीमा हल्लाउँदै नाच्ने गर्दछन् । सारङ्गे नाचमा मुख्यगरी खुट्टाले ताल हान्न जान्नुपर्छ । साथै हातका पञ्जा गोलो प्रकारको आकर्षक छाप्री (फरी) फिरफिर पार्न जान्नुपर्छ ।

## मयूर नाचको महत्व

सङ्गीतले सबै प्राणीलाई आर्कषण गर्दछ । झन मानिस सचेत र सामाजिक प्राणी हुनुको नाताले उसलाई झन यसको खाँचो बर्ता हुनु स्वभाविक हो । सङ्गीतले जस्तोसुकै अवस्थामा भए पनि आकर्षण गरेरै छोड्छ । यसले व्यक्तिका दुख, पीडा, बेदनालाई समेत बिर्साउँछ । कुनै गाउँमा सारङ्गीको सङ्गीत सुन्नेबित्तिकै मानिस हत्तपत्त आफ्ना व्यक्तिगत कामकार्यलाई स्थगन गर्न पुग्छ । मादलको ताल सुन्ने जुनसुकै उमेरका व्यक्तिहरू जुनसुकै अवस्थामा भएता पनि आकर्षण गरेरै छोड्दछ । चाहे रुखमा अड्का होस् वा भैंसी दुहुँदा, या दाउरा घास काट्दा अथवा हलो जोत्दा किन नहोस् मन फुरुङ बनाएर कमर हान्न र खुट्टा घुमाउन बाध्य पार्दछ ।

मयूर नाचले एकातिर हाम्रो देशलाई सांस्कृतिक रुपमा धनी तुल्याउँछ भने अर्कोतिर विभिन्न व्यक्तिलाई मनोरञ्जन दिलाउँछ । यसले नृत्य गर्ने व्यक्तिलाई शारीरकि तथा मानसिक फूर्ति पैदा गर्छ । यसले नाच्ने व्यक्तिलाई फूर्तिलो र दर्शकलाई समेत स्वस्थ फूर्तिलो बनाउँछ । त्यसैगरी सबै क्षेत्रका व्यक्तिलाई यसले मनोरन्जन प्रदान गर्दछ । यसले व्यक्ति, राष्ट्रलाई परिचित गराउदै सामाजिक सम्बन्धलाई पनि बढाउँछ । यसका माध्यमबाट प्रेम, सद्भाव, एकता, सदाचार,

सहकार्य, मेलमिलाप, सहिष्णुता, हार्दिकता, धार्मिकता, परोपकारिता, मानवता, सिर्जना, आविष्कार, उपलब्धि, समृद्धि र श्रेष्ठताजस्ता कुरा हासिल गराउँछ । आज झन यसको महत्व थप चुलिदै गएको छ । यसले व्यक्तिको सामाजिक, साँस्कृतिक, आर्थिक, राजनीतिक, भाषिक, धार्मिक सदभाव कायम गराउन पनि मद्दत गर्दछ ।

**निष्कर्ष**

संस्कृति राष्ट्रको चिनारी हो । यसलाई महत्वपूर्ण गहनाको रुपमा लिइन्छ । हाम्रो परम्परागत मौलिक संस्कृतिले नेपालाई विश्वसामु परिचित गराएको छ । यसको जगेर्ना गर्न आवश्यक देखिन्छ । हाम्रो मौलिक संस्कृति हाम्रो साझ सम्पदा हो । त्यसैले यसलाई संरक्षण गर्नु, विकास गर्नु जोगाउनु पनि हामी सबैको दायित्व हो । आधुनिकताको नाममा आज मौलिक संस्कृति लोपोपोन्मुख अवस्थामा पुग्ने खतरा पनि देखिदैछ । विज्ञान र प्रविधिको विकासले विश्वलाई एउटा सानो कोठामा सीमित गरिदिएको छ । यससँगै बढेको विकृति, देखासिकी र आधुनिकताले प्रत्यक्ष अप्रत्यक्ष असर पारिरहेको हुन्छ । यससँगै हाम्रो परम्परागत मयूर (गरुवा) नाच पनि लोप हुँदै जाने जोखिम बढेकोले सबै समुदाय सचेत हुन आवश्यक छ ।







# भुमे/मूम्या नाच



*- बलबहादुर घर्तीमगर*

१. पृष्ठभूमि

मगर जातिका प्रचलित नाचहरु मध्ये भूम्या नाच एक हो । यसलाई मगर खाम भाषामा नोकोबाङ्गे नाच भनिन्छ । मगर जातिका बाह्रमासे र मौसमी नाचहरु प्रचलनमा छन् । यो मौसमी नाच हो । भूमि पूजाको अवसरमा यो नाच उल्लासमय तरिकाले नाचिन्छ । महिला र पुरुष सबै गोलो घेरामा दमाको तालमा नाच प्रस्तुत गर्छन् । भूमि पूजा ठाउँ अनुसार फरक फरक समयमा हुने गरेपनि नाचको प्रस्तुति खास गरी जेठ तथा असाढ महिनामा हुन्छ । यो नाच मगर जातिको एक महत्वपूर्ण अमूर्त सांस्कृतिक सम्पदा हो ।

जल जमिन र आकाशको अनुष्ठान गरी भूमि देउतालाई दाइना पारेको अवसरमा खुशी भएर यो नाच नाचिन्छ । बर्खे याममा हुने अनेकौं महामारी, बाढी, पहिरो, अनिकाल तथा सामाजिक बैरभावको अन्त भै मानव जाति सुरक्षित रहने विश्वासका साथ यो नाच नाच्ने गरिन्छ । विशेष अनुष्ठानबाट भूमि थाम्न सफल भएको हुँदा हर्सौल्लासका साथ भूमि पुजासँगै नोकोबाङ्गे नाचको आरम्भ हुन्छ ।

२. भूम्या नाच नाचिने स्थानहरु

भूमि पूजाको प्रचलन मगर जातिको परापूर्व कालदेखि नै थियो । आज पनि यो अनुष्ठान जीवित छ । म्याग्दीको दोवा र सिमखोलामा पनि भूमे नाच प्रस्तुत हुन्छ । रोल्पाको शेष क्षेत्रमा स्वाङे नाचको प्रस्तुति हुन्छ तर सबै स्थानमा नोकोबाङ्गे नाचको प्रस्तुति हुँदैन । नोकोबाङ्गे नाच प्रस्तुत हुने स्थानहरु निम्नानुसार छन् ।

रुकुम पूर्व

लुगुम, तक, तल्लोसेरा, उपल्लोसेरा, कांकी, खाबाङ, क्याङ्सी, सीमा , काँडा, उपल्लोसाकिम, तल्लोसाकिम, दालिकाङ, सेराबाङ, महत, गुनाम, धर्मशाला, चुनबाङ, घुम्लीबाङ, बाच्छीगाउँ, पदमी, कोल, गर्खानी, राङ्सी, नाखा, जाङ

रोल्पा

थबाङ, धानुङ, मिरुल, धाङसी, धबाङ, उवा, जेलबाङ, सेरम, गाम

बाग्लुङ

निसी, भूजी, भल्कोट

३. नाचसँग जोडिएका लोकोक्ति

रोल्पा थवाङमा प्रचलित मिथक अनुसार नोकोबाङ्गे नाचको सर्जकको रुपमा झुनुङ भन्ने व्यक्तिलाई लिइन्छ । परापूर्वकालमा झुनुङ थबाङका रोकामगरहरुको दास थिए । नाम्क पर्वभरि झुनुङलाई नाच्न र रमाउने छुट थियो । नोकोबाङ्गे नाचको परिमार्जन तथा विकासमा झुनुङले ठूलो योगदान गरेको विश्वास गरिन्छ । झुनुङलाई नोकोबाङ्गे नाचको पिता तथा थबाङबासीले पित्तरको रुपमा मान्ने गर्दछन् । थबाङमा नाम्क अवधिभर नोकोबाङ्गे नाच नाच्ने गरिन्छ ।

यो नाचलाई रुकुम पूर्वको लुगुममा भूमे नाच अर्थात नोगोबाङ्गे नाच भनेर चिनिन्छ । यो नाचमा सहभागी हुने युवाहरुलाई नोगोबाङ्गे र युवतीहरुलाई नोगोबाङ्गेनी भनिन्छ । नोगोबाङ्गे बाजा फुकाएपछि बुकी फूल टिप्न जाँदा आउँदा र भूमि पूजाको अवधिभर यो नाच नाच्ने गरिन्छ ।

४. नाचमा प्रयोग हुने बाजाहरु

यो नाचमा मुख्य गरी प्रयोग हुने बाजाहरु निम्नानुसार छन् :

१. दमा
२. ट्याम्की
३. सहनाई
४. गज
५. झ्याली
६. पैजन

५. नोकोबाङ्गे नाचका चालाहरु :

१. नोगोबाङ्गे चाला-भूम्या अथवा नाम्कको उद्घाटन ताल

२. एकोहोरे नोगोबाङ्गे चाला-एउटा हातलाई मात्र हल्लाउँदै नाचिने

३. दोहोरे नोगोबाङ्गे चाला-दुवै हातलाई पालैपालो हल्लाउँदै नाचिने

४. तीन पाइले नोगोबाङ्गे चाला-तिन पटक अगाडी पछाडी खुट्टा सार्दै नाचिने

५. चौभाने नोकोबाङ्गे चाला-चारै दिशातिर घुम्दै सर्दै नाचिने

६. खन्जना नोकोबाङ्गे चाला-हर्ष उल्लासका साथ रमाउँदै नाचिने

७. ढल्कनी नोगोबाङ्गे चाला-ढल्की ढल्की नाचिने

८. घुँडा बसाल्ने नोकोबाङ्गे चाला-भूँइमा घुँडा बसाल्दै नाचिने

९. पछ्यौरी फाल्ने नोकोबाङ्गे चाला-पछ्याउरी हल्लाउँदै नाचिने

१०. ओ टिन्या नोकोबाङ्गे चाला-फूल टिपेर शिरमा लगाए झैं गरी नाचिने

११. गाई दुहुने नोकोबाङ्गे चाला- गाईको दुध दुहेको जस्तो गरी नाचिने

१२. कोखा काट्ने नोगोबाङ्गे चाला- हातलाई काखीतिर लगेर काखी काटे झैं गरी नाचिने

१३. साङला बाट्ने नोकोबाङ्गे चाला-साङलो बाटेको जस्तो गरी नाचिने

१४. सप्काउने नोकोबाङ्गे चाला- बर्को सप्को हाले जस्तो गरी नाचिने

१५. उत्तरा फाल्ने नोकोबाङ्गे चाला-महिला पुरुष गीत गाउँदै सवाल जवाफ दिदैं नाचिने

१६. मुख जोरोवा नोकोबाङ्गे चाला-नाच्नेहरु जोडि जोडि भएर मुख जोड्दै नाचिने

१७. छरौटा नोकोबाङ्गे चाला-४ पटक हात अगाडी पछाडी मिलाएर लैजादै नाचिने

१८. घुमाउने नोकोबाङ्गे चाला-आधा घुम्दै घुम्दै नाचिने

१९. सती नोकोबाङ्गे चाला-दायाँ बाँया हात पालै पालो फालेर हंकार हाल्दै नाचिने

२०. बटुवा नोकोबाङ्गे चाला- यताउता हिडेको जस्तो गरी नाचिने

२१. खर्गै कोन्या नवकोबाङ्गे चाला-चोयाको टुसा फाले झै गरेर नाचिने

२२. सलामी नोकोबाङ्मे चाला- सम्मान गरे झै गरी नाचिने

२२ चालमा पुरुष र महिला दुवै नाच्छन् । पुरुष जटिल चालहरु अवलम्बन गर्छन् भने महिलाहरुले सरल चालको अवलम्बन गर्छन् । महिलाले आफ्ना दुवै हातले पछ्यौरी समाएर हात घुमाउदै नाच्छन् । पुरुषहरु भित्री घेरामा नाच्छन् भने महिला बाहिरी घेरामा नाच्छन् ।

नाचमा अगाडी नाच्ने पुरुष र महिला नोकोबाङ्गेलाई अग्गाउरे भनिन्छ । अग्गाउरेको ताल पछाडीका अनुयायीहरुले छोप्दै जानुपर्छ ।

६. नाचको सामाजिक सांस्कृतिक महत्व

यो नाचले भूमि अनुष्ठानलाई उल्लासमय बनाउन अहम भूमिका खेलेको छ । मानिसहरुलाई एकै ठाउँमा भेला हुने अवसर सृजना गरेको छ । मानिसहरु वीच सुख र खुसी साटासाट गर्ने अवसर दिलाएको छ । युवा युवतीहरुबीच भावना साटासाट गर्ने विधि र संस्कार दिएको छ । समाजमा मर्यादा र अनुशासित व्यवहार निर्माणमा सघाउ पुऱ्याएको छ । मानिसहरुवीच सामूहिक भावना जागृत गराउन र समूह कार्यमा अभिप्रेरित गर्न यो नाचले सहयोग पुऱ्याएको छ ।

निष्कर्ष

भूम्या नाच जसलाई मगर खाम भाषामा नोकोबाङ्गे नाच भनिन्छ । यो नाच मगर जातिमा प्रचलित नाच हो । महिला र पुरुष दुवै सहभागी हुने यो नाच समूह नाच हो । यो नाचमा सयौं मानिसहरु एकै पटक नाच्न सक्छन् । यसको निश्चित संख्या तोकिदैन । दमाको तालमा २२ चाला नाचको प्रस्तुति हुन्छ । भूमिको अनुष्ठान गरेपछि विपद रोकथाम हुने विश्वासका साथ यो नाच उल्लासमय ढंगले ५ दिनसम्म प्रस्तुत गरिन्छ। मगर जातिको मात्र नभई यो नेपालको एउटा सुन्दर अमूर्त सांस्कृतिक सम्पदा हो ।

सन्दर्भ सामग्री

Asmita Ghimire official, (2024, March 23), म्यादीमा अनौठो संस्कृति : अनुहारमा मोसो दलेर भूमे पूजा)
Video Youtube https://www.youtube.com/watch?v=79wbfru6a8l

Hemant Rai Official. (2023, May 25). Bhume parb-Nepali Culture & Festival_Magar [Video]. Youtube. https://www.youtube.com/watch?v=AyUdk479lFY&t=75s

Hikmatsing Roka. (2014, December 24) Bhumaya Festival Documentary 2013 in Rolpa, Thabang Part-1 [Video].
Youtube : https://www.youtube.com/watch?v=49n94yeloc

Mirror Nepal. (2020, October 12). Balku (Bhumi Puja) Documentary#18Magarat Cultural Festival#Mirror Nepal [video]
Youtube : https://www.youtube.com/watch?v= zCTT1SGQsxM

घर्तिमगर, बलबहादुर (२०७१), मगर संस्कार, आदिवासी जनजाति महासंघ, रोल्पा ।

घर्तीमगर, हर्कबहादुर (२०८०), भूमे-लुगुम, पुनमगर, मनबहादुर (सम्पा), भूमे (१३-५८), नेपाल मगर संघ

पुन, ध्रुव (२०८०), बल पूजा अर्थात भूम्या पर्व, पुनमगर, मनबहादुर (सम्पा), भूमे (१४२-१५१) नेपाल मगर संघ

बराल मगर, केशर, जंग (२०६८), पाल्पा, तनहुँ र स्याङजाका मगरहरुको संस्कृति, अस्मिता बुक्स पब्लिसर्स एण्ड डिष्ट्रीव्युटर्स प्रा.लि. काठमाडौं ।

मगर 'हिमाल', जे आर (२०७७), रोल्पा रुकुम र बाग्लुङका मगरहरुको भाषा, साहित्य र संस्कृति, समृध्द रोल्पा फाउण्डेशन, रोल्पा

श्रीस मगर, मिन (२०६७), मगर जातिको चिनारी, आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान, जावलाखेल ललितपुर ।

# कौराहा नृत्य



*- पदम थापा मगर*

कौराहा मगर समुदायको एक प्रमुख मौलिक लोक नृत्य हो । तनहुँको रिसिङलाई उद्गम स्थल मानिने यो नृत्य मुख्यत तनहुँ र तनहुँ जिल्लाको आसपासमा रहेका जिल्लाहरु गोर्खा, लमजुङ, कास्की, स्याङजा, पाल्पा, नवलपरासी चितवनमा नचाइन्छ । कतै माघे सक्रान्ती, कतै फागुन पुर्णिमा त कतै बैशाख पूर्णिमाबाट शुरु गरिने यो नृत्य असार मसान्तसम्म नचाई साउने सक्रान्तीमा समापन गर्ने चलन छ ।

एउटा गाउँको भान्जीहरुले अर्को गाउँको मामाहरुलाई विभिन्न कोशेली सहितको चिठ्ठी पठाएर निम्तो दिए पछि मामाहरु खैजरी बोकेर मगर भाषामा कान राहा है भान्जीको भन्दै रोदीघरमा रमाईलो गर्न जाँदा तेहि "कान-राहा" शब्द बाट अपभ्रंश भै "कौराहा" भएको भन्ने गरिन्छ ।

कौराहा नृत्यमा पुरुषहरुले खैजरी बजाएर गाउने र अविवाहित युवतीहरुले झर्रा लगाएर नाच्ने गरिन्छ भने बिचबिचमा पुरुषहरु पनि गीतको विधि (शब्दको भाव) अनुसार भाउ लगाएर नाच्न जाने गरिन्छ । देवीदेवताको शरण पर्ने देखि गीतैबाट चिनजान गर्ने, गीतमै माया लगायने, बिचबिचमा नाटक देखाउने र बिदाई सम्म गरेर कौराहमा धेरै खण्ड नचाउनु पर्ने हुन्छ ।

कौरा (चुड्का)

- कृष्ण गुरुङ

मुख्य ताल बाजा खैंजडी बाजाको तालमा चुड्किलो पाराले गाउने र नाच्ने गीत नृत्यलाई "चुड्का" भनिन्छ । नेपालमा प्रचलित चुड्का गीत नृत्य मुख्यत: चार प्रकारका छन् ।

१. कौरा चुड्का
२. रोइला -ख्याली, खेली) चुड्का
३. बालन (बालन्) चुड्का
४. भजन चुड्का

माथि उल्लिखित चार प्रकारका चुड्का मध्ये "कौरा" चुड्का विशेष गरेर नेपालको पश्चिमाञ्चल क्षेत्र अर्थात गण्डकी प्रदेशमा बसोबास गर्ने मगर, गुरुङ्ग, दुरा, दरै आदि जातिहरुमा अतिनै प्रचलित लोक प्रिय लोक नृत्य हो । कौरा चुड्का गीत नृत्य एउटा निश्चित याम (Season) मा गाउने अनि नाचिने गीत नृत्य हो । वसन्त पञ्चमीमा विशेष पूजा गरेर सोरठी, कृष्ण चरित्र आदि नृत्यको विशर्जन पश्चात सती घाँटु नृत्यको याम सुरु हुन्छ सती घाँटु संग संगै कौरा चुड्का गीत नृत्यको याम पनि सुरु हुन्छ । यसरी वसन्त पञ्चमीमा सुरु गरेको कौरा चुड्का गीत नृत्य दशहरामा विसर्जन गर्ने गरिन्छ । कतै यसलाई माघे संक्रान्तीमा सुरु गरेर असार पूर्णिमामा त कतै फागु पूर्णिमा सुरु गरेर असार पूर्णिमामा विसर्जन गर्ने गरिन्छ । तर आजकाल हाम्रा पुर्खाले बनाएको नियमलाई तोडेर बाह्रै महिना विभिन्न कार्यक्रमहरुमा कौरा चुड्का गीत गाउने र नृत्य गर्ने गरेको हामी पाउँछौं ।

वि.सं. १९८० साल तिर तनहुँ जिल्लाको रिसिङ (ऋसिङ) भेगबाट कौरा गीत नृत्य गाउन नाच्न सुरु भएको यो गीत नृत्य अहिले स्वदेश तथा विदेशमा पनि जहाँ जहाँ नेपालीहरु पुगेका छन् त्यहाँ त्यहाँ अतिनै लोकप्रिय भएको पाइन्छ ।

कौरा चुड्का गीत नृत्यको नामाकरण कसरी भयो भन्ने प्रसंगमा हिउँदमा पानीको पालो कुर्दा नाच्ने गरेको हुनाले "पानी कुरवा" बाट कौरा भएको त्यस्तै मगर भाषामा मगर जातिका ठिटाहरु रोधीमा या कुनै नौलो गाउँमा खैंजडी बजाउन जाँदा "कानराह" हामी आयौं भन्ने शब्दावलीबाट कौरा भएको साथै यो गीत नृत्य भरखरको बैंस चढेका ठिटा तरुनीहरुले गाउने नाच्ने भएको हुनाले

(हाम्रो नेपाली भाषामा गाउँघरति भरखर बैंस चढेकालाई कौडे बैंस भनिन्छ ) यसलाई कौडे ˙कौडा . कौरा नामाकरण भएको भनाइ पनि पाइन्छ ।

कौरा चुड्का वर्न्याउने र नवर्न्याउने दुई किसिमले गाउने गरिन्छ । बर्न्याउनेमा विधिवत देवी देवता पुकारेर गाउने विधि हो भने नवर्न्याउनेमा सिधै माया प्रेमको गीतहरु गाएर रमाइलो गरिन्छ ।

यसमा प्रयोग हुने वाद्य यन्त्रमा मुख्य ताल बाजा खैजडी, मुजुरा (झ्याली) हो । केटाहरु खैंजडी बजाएर गीत गाउने गर्दछन् भने यसमा केटीहरु नाच्ने गर्दछन् । यसमा प्रयोग हुने भेष भूषा - मगर, गुरुङ, दुरा, दरै जातिले आफ्नै जातीय भेषभूषा गरगहना प्रयोग गर्ने गरेको पाइन्छ ।

कौडा नृत्य

माया थापा

कौडा नृत्य नेपालको खासगरी धौलागिरी र गण्डकी अञ्चलमा (हालको गण्डकी प्रदेशमा) बसोबास गर्ने मगर, गुरुङ्ग र दुरा जातिमा निकै प्रचलित छ । यो नृत्य आफ्नै पन र आफ्नै शैली अनुसार गरेर पनि यस नृत्य सबैलार्य रोचक र रमाईलो लाग्छ । खास गरी यो नृत्य तनहुँको रिसिङ्ग मगर समुदायबाट शुरु भएको पाईन्छ । यो नृत्य मगरको मौलिक नृत्य हो । यो कौडा नृत्य १९८० साल पुरानो भएका इतिहास ले भन्दछ ।

यो नृत्य गाउघरमा दैनिकी काम घास दाउरा मेलापात गरी थकित भई बेलका पख दिनभरीको थकाई विर्साउन मनोरञ्जन गर्ने प्रचलन अनुसार युवाहरुको समुह आपसमा सल्लाह गरी कसको घरमा नाचगान गर्ने भनेर सल्लाह अनुसार अनुमति अनुसार आफ्ना दामली केटीहरुको घरमा केटाहरु जान्छन र खैजडी मुरली मजुरा आदि वाद्यवादन लिएर जान्छन ।

यस कौडा नृत्यमा केटाहरुले गाउने र केटीहरु नाच्ने चलन थियो तर अहिले दुवै नाच्ने गर्दछन् । गाउटोल सबै भेला भई रमाईलो गर्दछन् बुढापाका पनि वरिपरि बसेर रमाईलो गर्दछन् । यो नृत्य जुनै पर्वमा पनि नाच्न सकिन्छ । यो नाच बाह्रमास नै नाच्न सकिन्छ ।

ताल

यसको ताल ६/८ मा हुन्छ ।

धि ऽ ऽ ।
टक धि ऽ ।
१ २ ३ ४
५ ६

२ मात्रा वा ४ मात्रा

जस्तै : धि धि धि ताक
धि धि

धि धिन त क
धिन
धि धिन तक धिन

भेष भुषा

केटा : कछाड पटुका र भाङ्गा शिरमा टोपी वा फेटा

महिला : मखमली चोली छिट्को गुन्यु टिकिस पहेंलो पटुकी

गलामा पहेलो हरियो पोते शिरफूल, कानमा माडवारी ढुंग्री नाकमा बुलाकी आदि लगाइन्छ । तर छड्के तिलहरि लगाइदैन ।



## क. घोडचढी नाच



**अक्कल बहादुर पाखिन**

घोडचढी नाच गणेश हिमाल क्षेत्रका तामाङ जातिमा विशेष गरी यो नुवाकोटको किस्पाङ गा.पा.-१, भाल्चेमा छेज्यु पर्वमा प्रस्तुत गरिने नाच हो। यो नाच नयाँ वर्ष (ल्होछार) र अन्य औपचारिक संस्कारहरूमा र फागु पुर्णिमामा नाच्ने चलन पनि रहिआएको छ। बाह्र वटा ल्होमध्येमा घोडा (त) पनि एक हो। त्यसैले तामाङ जातिसँगघोडा र घोडचढी शब्द जोडिन आएको पाइन्छ। तामाङ जातिमा यो नाचको सन् १८३३ देखिको इतिहास भेटाए पनि त्यो भन्दा धेरै अघिदेखि चर्चा र संरक्षण गर्दै आइरहेको सहज अनुमान गर्न सकिन्छ। यस नाचमा सैनिकको आकृति र स्वरूप दिन दायाँ हातमा तरबार, बायाँ हातमा ढाल र अनुहारमा रङ लगाएर प्रतिस्पर्धा गरिन्छ भने अन्य सहायक सैनिकको हातमा भाला, धनुष लगायतका युद्ध कौशलका सामग्री हुन्छन्। यस नाचमा भ्याम्टा र ढ्याङ्ग्रोको तालमा दुवै तर्फका लामा सहभागी सहित गरिन्छ। घोडचढी नाचमा सेता वस्त्र धारण गरेका गोर्खाली राजा (गोर्खइ ग्यल्पो) र रातो वस्त्र धारण गरेका तिब्बती राजा (ल्हसईदेव) भनिन्छ।

वीर रसमा आधारित यो नाच सुरुमा शालिन रूपमा प्रस्तुत हुने हुँदा घोडाको उत्पत्ति कहाँ भएको बाट सुरु भएर क्रमशः युद्धमा परिणत हुन्छ। गोर्खइ ग्यल्पोहरू डसङमा प्रवेश गर्ना साथ ल्हसईदेवहरू पनि युद्धमा होमिन्छ। तर युद्धमा कसैको जीत/हार नहुने भएपछि युद्धविराम, वार्ता, आरोप-प्रत्यारोप हुँदै कहिल्यै जीत/हार नहुने युद्धबाट आजित भई तेस्रो वार्तामा कसैले नहारेको बराबर भन्ने सहमति गर्दै गोर्खइ ग्यल्पोहरूले आफ्नो चामलसँग ल्हसईदेवहरूसँग नुन साटेर मित्रवत् व्यवहार गर्दै संयुक्त रूपमा विजय उत्सव मनाएर घोडचढी नाच सकिन्छ। तामाङ जातिको उत्पत्ति सहित सामाजिक, आर्थिक र धार्मिक मान्यता यस नाचमा जोडिएको पाइन्छ।

श्लोक

तपु ठङ्पे ठङ्साखनइयुहुल्सा
तपु ठङ्पे ठङ्साग्यगरदेन्टी
(घोडाको उत्पत्ति कहाँ भएको ?
घोडाको उत्पत्ति ग्यगरदेनमा भएको हो।)

# ख. आर्यतारा (चर्या) नृत्य



- दिपेन्द्र बज्राचार्य

नेपाल मण्डल (काठमाडौँ उपत्यका)को बज्रयान बौद्ध सम्प्रदाय अन्तर्गत बज्राचार्य, शाक्य, बुद्धाचार्य र तुलाधर जाति भित्र विभिन्न बौद्ध विहारमा गरिने विशिष्ट गणचक्र पूजाहरूमा चर्या गीतको प्रयोग भएको हुन्छ। आचार्य गुरुहरू बिभिन्न चर्यागीतहरूमा देवी देवता बनि विभिन्न पोशाक मुद्राहरु पहिरिइ चर्या नृत्यहरू गर्दछन् । जस्तैः बज्रयोगिनी, नैरात्मादेवी, कालचक्र आदि। चर्या गीत तथा चर्या नृत्य नेपालमण्डलको विशिष्ट शास्त्रिय मौलिक परम्परा शैली अन्तर्गत पर्दछ । ति विभिन्न चर्या नृत्यहरू मध्ये आर्यतारा पनि एक हो ।

आर्यतारा हरित वर्णकी दुई हात मध्ये दायाँ बरद मुद्रामा तथा बाँयाहातले नीलोत्पल (एक किसिमको नीलो फूल) बोकेर ललितासनमा बसेकी देवी हुन्। यस आर्यतारा नृत्यमा अन्य चार ताराहरू मामकी पहेलो वर्णकी, लोचनी- निलो वर्णकी, पाण्डुरा- रातो वर्णकी र र सेतो वज्रधातेश्वरी देवी सहितको गरी ५ जना ताराहरू नृत्य गरिन्छ। यी ताराहरु पञ्चबुद्धका (बैरोचन, अक्षोम्य, रत्नसम्भव, अमिताभ, अमोघसिद्धि) शक्तिका रूपमा लिने गरिन्छ। राग गुञ्जली तथा ताल जतिमा आधारित गीतमा नृत्य गर्दछन् ।

यस नृत्यमा मुकुट शिरमा विभिन्न तारहरुको रंगका अनुसार पोशाक जामा, भोटो हातमा बाजु, घाँटीमा कण्ठी अन्य मुद्राहरुको प्रयोग हुन्छ ।

# झिझिया नृत्य



- माया थापा

झिझिया नाचको आफ्नै प्रकारको गीत र लय छ। झिझिया गीत गाउने क्रममा एक निश्चित स्थानमा गोलो गोलो घुमेर नाचिन्छ। भौगोलिक क्षेत्र अनुसार गीतहरु मैथिलि वा भोजपुरीमा छन्। गीतमा ढोल र झ्याम्टा जस्ता लोक वाद्ययन्त्रमा नाच्ने गरिन्छ। यसमा दुई प्रकारका गीतहरु गाइन्छ।

१. पहिलो दुर्गा देवीको प्रशंसामा गाइन्छ भने

२. दोस्रो गीत बोक्सर कालो जादु विरुद्ध सुरक्षाका लागि गाइएको भनिन्छ।

पारिवारिक सुरक्षाको लोक अनुष्ठान झिझिया महोत्तरी लगायत मिथिलाञ्चल भरी नै नाच्ने गाउने गर्दछन्। यस झिझिया पूर्ण रुपमा तांत्रिक विधि अनुसार घटस्थापना देखि दशमीसम्म देवी स्तुतिको लोक परम्परामा आधारित लोक नृत्य प्रस्तुत गरिएको पाइन्छ। झिझियाको उद्देश्य समाजमा रहेका बोक्सी जादु मन्त्रबाट आफ्नो सन्तानको सुरक्षा गर्ने भन्ने बुझिन्छ। यसको वनावट र स्वरुपभित्र जादू टुनामुना बोक्सी आदिको प्रभावलाई क मगर्न अनुष्ठान प्रारम्भ गरिएको मानिन्छ। बलिरहेको दियो भएको असंख्य प्वाल पारिएको घैंटो टाउकामा राखी नृत्य गर्ने गरिन्छ। झिझिया लोकनृत्य महोत्तरी, सप्तरी ,सिरहा धनुषा, सर्लाही, बारा, पर्सा क्षेत्र लगायत भारती क्षेत्र बेनीपटि मधुवनी जयनगर सीता गढी सहर आदि क्षेत्रमा पनि प्रस्तुत गरिन्छ।

झिझिया प्रयोग हुने घैंटोमा गरिएका असंख्य प्वाल र त्यसलाई टाउकोमा राखेर नृत्य गर्न महिलाहद्धारा यसको निहित विशेष अर्थलाई सङ्केत गर्छ। महिलाको टाउकोमा राखेको घैंटोको प्वाल बोक्सीले गनयो भने त्यो नाच्ने महिला ठहरै हुन्छ भन्ने जनविश्वास रहेको भनिन्छ। नृत्य गर्नु पूर्व झिझिया कुनै गुणी ओमाबार मन्त्रद्धारा सिद्ध पारिन्छ। अर्थात आखा नलागोस भनेर धामीद्धारा छेकबार गरिन्छ। झिझिया कुनै जाति विशेष नभई सम्पूर्ण मैथिली समाजको लोक नृत्य हो। यसरी मन्त्रिए पछि ५ देखि १५ जना सम्म महिला टोली मध्ये एक वा दुई महिला टाउकोमा आगो दन्किरहेको घैंटो राखेर बिना हातको सहारा लिई नाच्दै ब्रह्म स्थानतिर पुग्छन्। त्यहा आरधना गर्दछन् र त्यहीबाट औपचारिक रुपमा नृत्य सुरु गरी गाउमा भद्रभलाद्मीहरुको घरआगनमा पुगि नृत्य देखाउछन र पूर्ण आहुतिका लागि अन्न रुपिया चन्दा माग्छन्।

त्यहि मागेको रकम जोडेर दशमीका दिन पूजा पाठ, भोज भतेर तथा प्रसाद वितरण गरि झिझिया नृत्यको विसर्जन गर्दछन् भन्ने भनाई रहेको पाइन्छ।

कहरवा ताल (८ मात्रा, २ विभाग, १ ताली, १ खाली)

धा गे न ती। न क धि ना।

झिझिया तोहरे भरोसा

प्रकार

१. धि ऽ ऽ ता। ऽ ऽ ता ऽ।

२. धि ता ऽ ता। ना क धि ना।

# ८. कोशी प्रदेश

## साङदाङराङमा लाक (डोक्केनी नाच)



- इन्दिरा जिमी याक्खा, संखुवासभा

राष्ट्रिय जनगणना २०७८ अनुसार कुल जनसंख्या १४,६४० भएका आदिवासी याक्खा जातिहरु नेपालका विभिन्न जिल्लाहरुमा वासोवास गरेको पाइए पनि विशेष गरि ९ जिल्लाहरुमा बढी बसोबास गरेको पाइएको छ । पूर्वी नेपालको संखुवासभा जिल्लाको दक्षिणी भूभागहरु पाँच खपन, पाँच मझिया, दश मझिया र धनकुटा जिल्लाको उत्तरी भुभागलाई याक्खा जातिहरुले आदिम पुर्ख्यौली थातथलो मान्दै आएको छ । याक्खा जातिको आफ्नै मौलिक मुर्त अमूर्त सांस्कृतिक नाचहरु छन् । मुख्य नाचहरुमा चावाक लाक, केइ लाक र साङदाङराङमा लाक हुन् । यी नाचहरु मध्ये साङदाङराङमा लाक (डोक्केनी नाच) एक मौलिक नाच हो ।

याक्खा जातिमा मात्र रहेको यो पृथक साङदाङराङमा लाक (डोक्केनी नाच)को उत्पत्ति वा प्रचलन बारेमा विभिन्न प्रचलित किम्वदन्तीहरु छन् । मानव सभ्यताको विकास क्रममा मानव वस्तीहरुमा ठूलो महामारी फैलिएछ । दैवी विपत्तिले गर्दा जतातत‌ै। बाढी, पहिरो, अतिवृष्टि, अनावृष्टि, खडेरी, आगालागी, अनिकाल, भोकमरी र रोग व्याधले आक्रान्त भइ हाहाकार मच्चियो । यस्तो महामारीका कारण मानव समुदाय , वनजङगल, खोलानाला,पशुपंछी सवैमा प्रतिकूल असर पर्दै गयो । महाखडेरी र अनिकालबाट बचेकाहरु बाढी पहिरोमा परिहाल्ने, बाढी पहिरोबाट बचेकाहरु आगालागी वा अन्य कुनै विपत्तिमा परिहाल्थे । कतिपय मानिसहरु भोक र रोगले छटपटाइ रहन्थे । यस्ता महा संकटहरु भ्केलेर बाँचेका याक्खाहरुले यो महाविपत्तिबाट सँधैका लागि कसरी मुक्त हुने साथै भोक र रोगले अभाव ग्रस्त याक्खाहरुलाई संकटबाट कसरी मुक्त गर्न सकिन्छ भन्ने बारेमा ब्यापक छलफल भएछ । महामारीले आक्रान्त समाजलाई राहत दिइ साथै स्थायी समाधानको उपाय खोज्ने क्रममा याक्खाहरुले आफनो पूज्य इष्ट देवी साङ्दाङ्राङ्माको शरणमा गई पूजा आराधाना गर्ने निर्णयमा पुगे। साङ्दाङ्राङ्माको कृपा र सल्लाह अनुसार याक्खाहरुले वालीनाली, पशुपंछी, खोलानाला, वनजंगल, हिअ्वा माङ्गु र जमिन सम्पूर्ण प्राणी जगतको पूजा आराधाना गर्न थाले । साङ्दाङ्राङ्माले दिएको सल्लाह अनुसार रोग र भोकले ग्रस्त बनाएका याक्खाहरुको उद्धारको लागि सवैले राहत संकलन गर्ने निर्णय गरेछन् । त्यही उदेश्य अनुसार तिहारको लक्ष्मी पूजाको दिन राती याक्खाबाहरुले देउसी भैलो खलेर र याक्खामाहरुले साङदाङराङमा नाच नाचेर बढी भन्दा बढी राहत संकलन गरी वितरण गर्ने सल्लाह भएछ् । तर याक्खा महिलाहरुले यो नाच कसरी नाच्ने भन्ने बारेमा छलफल भएछ । याक्खाहरुको धनकी देवी साङ्दाङ्राङ्मालाई स्वयम् नै नचाउदै हिडाउदा सबैले चिन्ने हुँदा गाउँघरमा समस्या पर्छ भनेर साङ्दाङ्राङ्माले म डोको भित्र लुकेर(अदृश्य भएर) नाच्छु । डोकोलाई मेरै स्वरुपमा सिंगार पटार गर्नू, मलाई नाच्न र संरक्षण गर्न सहयोग गर्नको लागि अलि बलियो महिलाहरुलाई पुरुषको भेषमा कसैले नचिन्ने गरी ढाट्वारेहरु बनाउनू अनि सवैजना दिदीबहिनीहरु समूहमा घर घर नाच्दै रमाइलो गर्दै राहत संकलन गरौं । अनि विपत्तिमा परेका याक्खाहरुलाई वितरण गरौं भनेर साङ्दाङ्राङ्माले सल्लाह दिए बमोजिम यो नाच नाच्न थालिएको हो । यो नाचमा अदृश्य शक्तिका धनी साङ्दाङ्राङ्माको गहन भूमिका रहेको हुन्छ भन्ने जनविश्वास छ । यो नाचमा

ढाट्वारेहरुको पनि महत्वपूर्ण भुमिका हुन्छ । यदि समाजमा चोर, फटा, व्यभिचारी, जुवाडे, तासे र घरमा श्रीमतिलाई पिट्ने खालका पुरुषहरु भएमा त्यस दिन ढाट्वारेहरुले कारवाही गरी समाजमा शान्ति सुरक्षा कायम गर्ने चलन पनि छ । पुरुषहरु झैं रमाइलो गर्दै नाच्दै गाउँघर घुम्दै हिड्ने चलन छ । त्यसैले यो साङ्दाङ्राङ्मा नाचलाई महिला स्वतन्त्रताको प्रतीकात्मक नाच पनि मान्ने चलन छ ।

याक्खा महिलाहरु मात्र सहभागी भएर नाचिने यो साङ्दाराङ्मा नाच ज्यादै नै मौलिक, ऐतिहासिक, अलौकिक, प्रतीकात्मक र मनोरञ्जनात्मक छ । यो नाच विशेष गरी तिहारमा लक्ष्मीपूजाको दिन राती मात्र नाचिन्छ । याक्खाहरुको पूज्य आस्था र विश्वासको प्रतीक धनकी देवी लक्ष्मी मानिने साङ्दाङ्राङ्मा(राजिराङ्मा,आमुम्मा)को नाममा यो नाच नाचिने चलन छ । याक्खा जातिको मौलिक पहिचानको रुपमा परिचित यो साङदाङराङमा नाचको महिमा र भाव अत्यन्त गहन छ ।

एउटा डोकोलाई याक्खा महिलाको स्वरुपमा सिँगारेर जसरी पुरुषहरु घर घरमा डुलेर देउसी भैलो (ओम्माङबा) खेल्छन् त्यसरी नै याक्खा महिलाहरु मात्र भेला भएर घर घरमा रमाइलो गर्दै डुल्दै साङ्दाराङ्मा नाच नाचिन्छ । याक्खा महिलाहरुले लगाउने गरेका सम्पूर्ण भेषभूषा जस्तै छिट्को गुन्यु, मखमली चोलो, पहेँलो पटुकी, फूलबुट्टे खेसको पछ्यौरी र लाछा धागो साङ्दाङ्राङ्मालाई लगाइ दिएको हुन्छ । त्यस्तै आभूषण वा गरगहनामा बुलाकी, ढुंग्री, चेप्टेसुन, सुनको फूल, कण्ठ, शीरबन्दी, हारीमाला, काडेचुरा र कल्लीहरु लगाइ दिएको हुन्छ । यो साङ्दाराङ्मा नाचमा आवस्यक्तानुसार सबभन्दा बलिया महिलाहरु छनौट गरी पुरुषको भेषमा कसैले पनि नचिन्ने गरी अनुहारमा मोसो दलेर वा मखुण्डो लगाइ दिएर ढाट्वारे(छेम्खुबा)हरु पनि तयार पारिएका हुन्छन् ।

महामारीले आक्रान्त पारेका याक्खाहरुलाई सो संकलित राहात वितरण गरी उद्धार गरेका थिए भन्ने कथन पाइन्छ । यही समयदेखि हालसम्म पनि याक्खामाहरुले तिहारको औसीको दिन वा लक्ष्मी पूजाको दिन राती गाउघरमा अनिवार्य रुपमा साङदाङराङमा नाच नाच्ने चलन छ । यस प्रकार तत्कालीन समयमा राहात वा दान दक्षिणाका रुपमा(रुपैयाँ, धान, चामल सवै जिन्सी) संकलन गरी वितरण गर्ने उदेश्यले शुरु भएको यो साङदाङराङमा लाक परापूर्व कालदेखि पुस्तान्तरण हुदै हालसम्म पनि अध्यावधिक छ । प्रकृतिसंग निकटतम सम्वन्ध राख्ने प्रकृति पूजक याक्खा जातिले जीवन जीउने क्रममा गरिने सम्पूर्ण क्रियाकलापहरुलाई यस नाचमा साङ्दाङ्राङ्माले हातको इसारामा इंगित गरेको हुन्छ । जस्तै कपास छर्ने, कपास टिप्ने, चर्खामा कपासबाट धागो कात्ने, तान वुन्ने, धान रोप्ने, गोड्ने, पाकेपछि काट्ने, थन्क्याउने र अरुलाई सेवाढोग गर्ने जस्ता कार्यहरु गरेर देखाउछ । यो याक्खाहरुको अर्मूत सांस्कृतिक नाचमा हास्य मनोरञ्जनको विम्वा वा नाटक मञ्चन गरे झैं नाचिन्छ । यस नाचमा कृषि युगदेखि हालसम्मको क्रियाकलापहरुको प्रतिकात्मक अभिनय गरेर महत्वपूर्ण शन्देशहरु प्रदान गर्दै नाचिन्छ । समाजमा फैलिएका विसंगतिहरु जस्तै जुवा तास खेल्ने, जाँड रक्सी खाएर समाजमा अशान्ति गर्ने, व्यभिचारी, दुराचरी र चोर डाकाहरुलाई समेत ढाट्वारेहरुको माध्यमबाट कार्वाही गरी समाजमा शान्ति सुरक्षा कायम गर्ने काम हुन्छ । यदि कारवाहीमा परेकाहरुले चित्त नवुझेमा कुनै पनि उजुर वजुर गर्नु हुदैन र उजुर नै गरे पनि उजुरी लाग्दैन भन्ने मान्यता छ । एक दिन भएपनि नारी समानता र नारी स्वतन्त्रताको प्रतिकको रुपमा नाचिने यो अमूर्त सांस्कृतिक साङदाङराङमा नाच एकदमै अलौकिक नाच मानिन्छ ।

यो साङदाङराङमा नाच दैवी विपत्तिमा परेका याक्खाहरुको उद्धारको लागि राहत संकलन गर्ने उदेश्यले प्रारम्भ भएपनि कालान्तरमा समय र परिवेश अनुसार यस नाचको उदेश्य र प्रारुप पनि परिमार्जित हुदै आएको छ । हाल याक्खाहरुले आफनो जातीय मौलिक पहिचानको रुपमा नाचलाइ राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरमा चिनाउदै आएका छन् । तिहारमा बाहेक विशेष चाड पर्वहरु उधौली (चासुवा), उभौली (युच्याङ) उतसवहरुमा साथै विभिन्न औपचारिक र अनौपचारिक कार्यक्रमहरुमा नाच नचाउने गरिन्छ ।

यस प्रकार यो साङदाङराङमा लाक याकखा जातिको अमूर्त सांस्कृतिक, धार्मिक, आस्था र विश्वासले ओतप्रोत छ । यो नाच याक्खाहरुको मात्र नभएर हाम्रो देशकै अमूल्य सांस्कृतिक सम्पति हो । नेपालको सांस्कृतिक विविधताको एक अमूल्य धरोहर हो । त्यसैले हामी समग्र याक्खा जातिले मात्र होइन शिङ्गो नेपाल सरकारले यो अमूल्य सांस्कृतिक निधिको रुपमा साङदाङराङमा नाचलाई संरक्षण र संवर्द्धन गरी विश्वमा प्रचारप्रसार गर्नु आवश्यक छ ।



# राजवंशी लोक नाट्य 'ढोल साहेना गाअन'




– दलसिंह राजवंशी

हाम्रो देश नेपालको सुदुर पूर्वी प्रदेश नं. १ का तराई जिल्लाहरू झापा, मोरङ र सुनसरीमा परापूर्वकाल देखी राजवंशी जातीको वसोबास रहि आएको छ । यिनिहरूको आफ्नै प्रकारको परम्परागत सांस्कृतिक पहिचान रहेको पाइन्छ । राजवंशीहरूको चाँडपर्व आदिमा नाचगान गर्ने रमाउने चलन मध्येको 'ढोल साहेना गाअन' एक समयमा बहुप्रचलित लोक नाट्यहरू मध्येको एक हो । यस लोक नाट्यमा बजाइने मुख्य बाजाहरूमा ढोल (एक प्रकारको ठूलो ढोलक) र साहेन (सहनाइ) अनिवार्य प्रयोग गरिने हुनाले यसलाई ढोल साहेना गाअन भनिने भएता पनि अर्को शब्दमा 'सास्तरी गाअन' पनि भन्ने गरेको पाइन्छ । यस समाजका अन्य गाअनहरू चापन, राकनीया, गाइन आदि जस्तै ठूलो छहारी मुनी चारैतिर दर्शकहरू बसाएर बिचमा उभिएरनै नाच्ने, गाउने, बजाउने तथा अभिनय गर्ने गरिने हुनाले 'थारिया' गाअनको रूपमा पनि मानिने गरिन्छ ।

यस गाअनमा संगीत आदि दिन बाजा बजाउनेहरूलाई राजवंशी भाषामा 'शिल्पी' भन्ने गरिन्छ । प्रमुख शिल्पी लाई 'बाइन' भनिन्छ जस्ले ढोल बजाउने गर्दछ । स्वर दिने (गाउने) व्यक्तिहरूलाई 'दोहार' भनिन्छ । यो लोक नाट्य गिती लोक नाट्य भएको र नायक नायिका लाइ बाउधिया बाउधियानी भन्ने गरिन्छ । हास्य प्रदर्शन गर्ने व्यक्तिलाई बतिया व पेंचिया भन्ने गरिन्छ । विच विचमा कथा वस्तुको अर्थ खुलाउने मुख्य व्यक्तिलाई 'मूल' र मूल संग कुरा गर्ने अर्को साथिलाई 'कल्दुआर' भनिन्छ । मूल ले नै कथालाई सम्हालेर लाने गर्दछ । मूल र कल्दुवारको सम्वादलाई 'घर' भन्ने गरिन्छ । संगीत र गितको क्रममा केटा मान्छे नै केटीको पोशाकमा हातमा रूमाल लिएर नाच्नेलाई 'झल्की वा छका' पनि भन्ने गरिन्छ । उपरोक्त वाहेक कथामा आधारित अभिनय गर्ने अन्य थप घट कलाकारहरूको पनि आवश्यक रहन्छ ।

शिल्पीहरू, मूल, कल्दुआर, दोहार, बाउधिया, बाउधियानी, झल्कीहर सवैजना परम्पारगत जातिय पहिरनमा रहेका हुने गर्छन । लोग्ने मान्छेहरू धोती, कमेज, गम्छा र स्वास्नी मान्छेको रूपमा ठाला पटानी, बर्हती, ढेका र परम्परागत गर गहनामा आकर्सक र सुन्दर रूपले सजिएका हुन्छन् । कथा अनुसार आवश्यक अन्य कलाकारहरू भने चरित्र अनुसारका पहिरन वा पोशाकमा सजिएका हुन्छन् ।

गाउँ घर समाजमा घटेका सुखद, दुखद, हास्य, लज्जास्पद माया पिरतिका घटनालाई आधार मानेर रोचक र रसिलो स्वर संगीतले कथा वस्तु तयार परिएको हुन्छ र रचना गर्ने व्यक्तिलाई राजवंशी भाषामा 'अस्ताद' भन्ने गरिन्छ ।

प्रारम्भमा वन्दना (मंगल गित) बाट गितको सुरूवात गर्ने गरिन्छ । एउटा गित सक्किए पछि मूल र कल्दुआर विच सम्वाद 'घर' भन्ने गर्छन । घर को रूपमा मूल र कल्दुआर ले कहानीका पात्रहरूको नाम कसैको नाम संग मिल्न गए क्षमा होस भनि सबैलाई प्रनाम जनाएर मुख्य कथा वस्तु आधारित गित को सूरूवात हुन्छ । यसरी फेरि अर्को गित सक्ने वित्तिकै फेरि घर हुन्छ र घरको माध्यम मा कथा वस्तुलाई प्रस्टाइ दिने काम हुन्छ । दोहारले गित गाउँदै गर्दा अभिनय कर्ताहरूले आफ्नो सम्वाद व्यक्त गर्दै गर्ने गर्छन् ।

यस नाटयमा घटेका माया पिरतीका घटनामा आइ पर्ने दुख, कष्ट, हास्य, लज्जास्पद विषयहरूलाई लिएर चेतना जगाउने कार्य ढोल साहेना गाअन को मुख्य उद्देश्य पनि हो । राजवंशी समाजमा अन्य परम्परागत लोक नाट्य लोक गीत आदि अन्य संस्कृतिहरू जस्तै यो ढोल साहेना गाअन् पनि लोप भइ सकेको छ भन्नुमा दुइमत नहोला । राज्य तर्फ बाटै सहयोग साथ र प्रयास हुन नसके यसलाई जोगाएर राख्न सम्भव छैन ।



संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराँतीज्यूको प्रमुख आतिथ्यतामा ठेट नेपाली सांस्कृतिक कार्यक्रम 'माटोको गीत' को पहिलो संस्करणको २०८० मङ्सिर २९ गते शुक्रबार, समुद्घाटन कार्यक्रम



पर्यटक व्यवसायी सम्बन्धी संघ संस्थाहरूको उपस्थितिमा ठेट नेपाली सांस्कृतिक कार्यक्रम 'माटोको गीत' को पहिलो संस्करण को दोस्रो श्रृंखला, २०८० पुस ६ गते शुक्रबार ।



ठेट नेपाली सांस्कृतिक कार्यक्रम 'माटोको गीत' को पहिलो संस्करण को तेस्रो श्रृंखला, २०८० पुस १३ गते शुक्रबार ।



संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराँतीज्यूको प्रमुख आतिथ्यतामा ठेट नेपाली सांस्कृतिक कार्यक्रम 'माटोको गीत' को पहिलो संस्करण चौथो श्रृंखला, पहिलो संस्करणको समापन तथा सहभागी कलाकारहरूलाई प्रमाणपत्र वितरण कार्यक्रम २०८० पौष २० गते



सांस्कृतिक संस्थान संचालक समितिका नवनियुक्त अध्यक्ष श्री चन्द्रकुमार राईज्यूको पद बहाली तथा हार्दिक बधाई तथा शुभकामना कार्यक्रम २०८० पुस २ गते



सांस्कृतिक संस्थानका नवनियुक्त महाप्रबन्धक श्री किरण बाबु पुनज्यूको पद बहाली तथा हार्दिक बधाई तथा शुभकामना कार्यक्रम २०८० माघ ८ गते



संस्थानका नवनियुक्त महाप्रबन्धकज्यूको उपस्थितिमा नाटक "एक चिहान" को १७६ औं श्रृत्खला मञ्चन ।




वरिष्ठ कलाकार श्री विमला श्रेष्ठज्यूको प्रमुख आतिथ्यतामा सांस्कृतिक संस्थानद्वारा सञ्चालित कलाकार प्रशिक्षण कार्यक्रम अन्तर्गत ३१ औं समूहको दीक्षान्त तथा नाट्य सम्राट बालकृष्ण समज्यूको १२१ औं जन्मजयन्तीको अवसरमा विशेष सांस्कृतिक कार्यक्रम, २०८० फागुन २ गते ।



चीनियाँ नयाँ बर्षको अवसरमा सांस्कृतिक फेस्टिवल 2024 कार्यक्रममा संस्थानद्वारा झाँकी तथा सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्दै , २०८० माघ २७ देखि फागुन १ गते सम्म ।



वरिष्ठ कलाकार प्रा. डा. ध्रुर्वेशचन्द्र रेग्मी को प्रमुख आतिथ्यतामा 'बसन्त शास्त्रीय संगीत उत्सव-२०८०' २०८० फागुन २ गते ।




शिव साधना कार्यक्रम २०८० फागुन २३ पशुपति मन्दिर परिसर



सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूको प्रमुख आतिथ्यतामा "शुभारम्भ सांस्कृतिक साँझ २०८१" मार्फत ठेट नेपाली सांस्कृतिक कार्यक्रम 'माटोको गीत' का दोस्रो संस्करण समुद्घाटन कार्यक्रम २०८१ बैशाखा १ गते ।



पूर्व युवा तथा खेलकूद मन्त्री माननीय श्री महेश्वर गहतराजज्यूको विशिष्ट आतिथ्यमा ठेट नेपाली सांस्कृतिक कार्यक्रम 'माटोको गीत' को दोश्रो संस्करण को दोश्रो श्रृंखला, २०८१ वैशाख ७ गते ।



कतारका राजा (अमिर) सेख तमिम बिन हमाद अल थानीको स्वागतमा झाँकी प्रदर्शन तथा सांस्कृतिक कार्यक्रमको प्रस्तुति २०८१ वैशाख ११ गते ।



पूर्व अर्थ मन्त्री, माननीय श्री जनार्दन शर्मा 'प्रभाकर'ज्यूको विशिष्ट आतिथ्यतामा तथा माननीय श्री कल्पना मियाँज्यूको विशेष आतिथ्यतामा ठेट नेपाली सांस्कृतिक कार्यक्रम 'माटोको गीत' दोस्रो संस्करण नेपाली संस्कृति को तेस्रो श्रृंखला २०८१ वैशाख १४ गते ।



सांस्कृतिक संस्थान सञ्चालक समितिमा विज्ञ सदस्य श्री पूजा श्रेष्ठको स्वागत तथा शुभकामना कार्यक्रम



नेपाल सरकारका रक्षामन्त्री माननीय श्री हरि प्रसाद उप्रेतीज्यूको विशिष्ट आतिथ्यतामा ठेट नेपाली सांस्कृतिक कार्यक्रम ' माटोको गीत' दोस्रो संस्करण नेपाली संस्कृतिको चौथो शृंखला, २०८१ वैशाख २१ गते




सांस्कृतिक संस्थानद्वारा सञ्चालित कला प्रशिक्षण अर्न्तगत सन्ध्याकालिन विशेष गायन समूहको "दीक्षान्त तथा समापन" कार्यक्रम, २०८१ वैशाख २४ गते ।



पूर्व संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री सुदन किराँतीज्यूको विशिष्ट आतिथ्यतामा ठेट नेपाली सांस्कृतिक कार्यक्रम 'माटोको गीत' दोस्रो संस्करण नेपाली संस्कृतिको पाँचौं शृंखला, २०८१ वैशाख २८ गते ।



वरिष्ठ लोक गायक राजु परियारको विशिष्ट आतिथ्यतामा ठेट नेपाली सांस्कृतिक कार्यक्रम 'माटोको गीत' को दोस्रो संस्करण नेपाली संस्कृति छैठौं श्रृंखला, २०८१ जेठ १ गते ।



बागमती प्रदेश सरकारका संस्कृति, पर्यटन तथा सहकारी मन्त्री माननीय श्री शैलेन्द्र मान बज्राचार्यज्यूको विशिष्ट आतिथ्यता ठेट नेपाली सांस्कृतिक कार्यक्रम माटोको गीतको दोश्रो संस्करण नेपाली संस्कृतिको सातौ श्रृंखला, २०८१ जेठ ४ गते ।



वरिष्ठ स्रष्टा श्री नारायण रायमाझीको विशिष्ट आतिथ्यतामा ठेट नेपाली सांस्कृतिक कार्यक्रम "माटोको गीत" दोस्रो संस्करण नेपाली संस्कृतिको आठौं श्रृंखला २०८१ जेठ ८ ।



पूर्व मन्त्री माननीय श्री विमला केसीज्यूको विशिष्ट आतिथ्यतामा ठेट नेपाली सांस्कृतिक कार्यक्रम "माटोको गीत" दोस्रो संस्करण नेपाली संस्कृतिको नवौं श्रृंखला २०८१ जेठ ११ ।



नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति माननीय श्री भुपाल राईज्यूको प्रमुख आतिथ्यतामा,गणतन्त्र दिवस विशेष सांस्कृतिक कार्यक्रम 'गणतन्त्र दिवस उत्सव २०८१' साथमा ठेट नेपाली सांस्कृतिक कार्यक्रम 'माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति को दशौं श्रृंखला, २०८१ जेठ १५ गते ।




पूर्व मन्त्री एवम् संविधान सभा सदस्य माननीय श्री सत्य पहाडीज्यूको विशिष्ट आतिथ्यतामा, मोनाको महावाणिज्यदूत श्री सुरेन्द्र महर्जनज्यू को विशेष आतिथ्यतामा ठेट नेपाली सांस्कृतिक कार्यक्रम 'माटोको गीत दोस्रो संस्करण नेपाली संस्कृति को एघारौं श्रृंखला, २०८१ जेठ १८ गते ।



पूर्व राजदूत तथा **RNN** अध्यक्ष डा. अर्जुन कार्कीज्यूको विशिष्ट आतिथ्यताम ठेट नेपाली सांस्कृतिक कार्यक्रम 'माटोको गीत' को दोस्रो संस्करण नेपाली संस्कृति को बाह्रौ श्रृंखला २०८१ जेठ १८ गते ।



संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय हितबहादुर तामाङज्यूको प्रमुख आतिथ्यतामा सांस्कृतिक संस्थानको सहकार्य तथा नेपाल संङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान नाट्य विभागको आयोजना, नाटक 'नाम्गेलको गाउँ' २०८१ जेठ २३ गते ।



"माटोको गीत" दोस्रो संस्करण नेपाली संस्कृति" लोक धुन प्रस्तुत गर्दै ।



राष्ट्र भावले ओतप्रोत नृत्य पश्चिम कोही पूर्व घरमा नृत्य प्रस्तुत गर्दै ।



प्रमुख अतिथिको स्वागत गर्दै संस्थानका महाप्रबन्धकका साथमा कर्मचारीहरू ।



नवनियुक्त संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री हित बहादुर तामाङज्यूलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना दिनुहुदैं संस्थानका महाप्रबन्धक



"माटोको गीत" दोस्रो संस्करण नेपाली संस्कृति" कार्यक्रम सञ्चालन गर्नहुदैं हरि पुन मगर ।



सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ज्यूलाई सांस्कृतिक संस्थानको प्रस्तुति, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको अवधारणा तथा नेपाल पर्यटन बोर्डको सहयोगमा तयार पारिएको ठेट नेपाली सांस्कृतिक कार्यक्रम माटोको गीतको दोस्रो संस्करण "नेपाली संस्कृति" को समुद्घाटन कार्यक्रम "शुभारम्भ सांस्कृतिक साँझ २०८१"को प्रमुख आतिथ्यताका लागि सादर निमन्त्रणा दिनुहुदैं ।




सांस्कृतिक संस्थानको नीति तथा कार्यक्रम सहित माननीय अर्थमन्त्री श्री वर्षमान पुन 'अनन्त' ज्यूसँग भेटघाट

# सांस्कृतिक संस्थान

## संचालक समिति



**चन्द्रकुमार राई**
अध्यक्ष



**किरण बाबु पुन**
महाप्रबन्धक



**कञ्चन बस्नेत**
सदस्य



**शिवराज रेग्मी**
सदस्य



**पुजा श्रेष्ठ**
सदस्य